का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ मंसिर २०८१,
बुधबार
20 November, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २७० । पृष्ठ ८ | Madhyanha National Daily | hyanhadaily.com



## शान्ति सम्झौताका १८ वर्ष
# नसुल्झिएको घाउ

- १२ बुँदे समझदारी- ७ मंसिर २०६२
- विस्तृत शान्ति सम्झौता- ५ मंसिर २०६३
- माओवादी लडाकु र हतियार शिविरमा राख्ने सहमति- ५ मंसिर २०६३
- संविधानसभाको निर्वाचन- २८ चैत २०६४
- माओवादी लडाकु नेपाली सेनामा समायोजन- १० भदौ २०७०
- संक्रमणकालीन न्याय- टुंगिन बाँकी

● जानकी पाठक/मध्यान्ह



राज्यको कुरा हो, पीडितको न्यायको कुरा हो, ऐतिहासिक जिम्मेवारी मेरो काँधमा आएको छ भनेर अब गठन हुने आयोगमा पुग्ने पादधिकारीले बोध गर्न सक्नुपर्छ। यसरी काम गर्दा सफल भइन्छ

**गोविन्द बन्दी**, *पूर्वकानुनमन्त्री*

विस्तृत समाचार पृष्ठ २

# २२ खर्ब ३२ अर्ब पुग्यो विदेशी मुद्रा सञ्चिति

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

नेपालको विदेशी मुद्रा (विनिमय) सञ्चिति हालसम्मकै उच्च भएको छ। चालू आर्थिक वर्षको असोज मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २२ खर्ब ३२ अर्ब २८ करोड रुपैयाँ पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ। गत असार मसान्तसम्म सञ्चितिको तुलनामा विदेशी विनिमय सञ्चितिमा ९ दशमलव ४ प्रतिशतले वृद्धि भई असोज मसान्तमा २२ खर्ब ३२ अर्ब २८ करोड रुपैयाँ पुगेको हो।

२०८१ असार मसान्तमा नेपालमा विदेशी मुद्राको सञ्चिति २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँ थियो।

अमेरिकी डलरमा असोज मसान्तमा सञ्चिति ८ दशमलव ७ प्रतिशतले वृद्धि भई १६ अर्ब ६० करोड रुपैयाँ पुगेको छ। यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड डलर मात्र थियो।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति १९ खर्ब ८८ अर्ब रुपैयाँ पुगेको छ। असोज मसान्तमा ७ दशमलव ५ >>> पृष्ठ २ मा



- हालसम्मकै उच्च
- विदेशी विनिमय सञ्चिति २२ खर्ब ३२ अर्ब २८ करोड
- रेमिन्ट्यान्स ४ खर्ब ७ अर्ब ३१ करोड रुपैयाँ
- शोधानान्तर स्थिति १ खर्ब ८४ अर्ब रुपैयाँ बचत
- चालू खाता बचत १ खर्ब ११ अर्ब रुपैयाँ
- उपभोक्ता मुद्रास्फीति ४ दशमलव ८२ प्रतिशत

# मन्त्री फेर्ने मुडमा प्रधानमन्त्री
## छलफलमा ओली–देउवा

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ४ मंसिर

राम्रो कार्यशैली र कार्यसम्पादनमा कमजोर देखिएका मन्त्रीहरूलाई हटाएर नयाँ नियुक्त गर्ने विषयमा सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमाले कसरतमा छन्।

१७ मंसिरमा चीनको औपचारिक भ्रमणमा जान लागेका प्रधानमन्त्री केपी ओलीले त्यस अगावै मन्त्रिपरिषद् पुनर्गठन गर्न चाहेका र त्यसमा प्रमुख सत्ता साझेदार कांग्रेस र एमाले सहमत भएका स्रोत बताउँछ।

मन्त्रिपरिषद् पुनर्गठनको विषयमा प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच सोमबार एक्लाएक्लै र मंगलबार शीर्ष तहमा छलफल भएको छ। सोमबार भएको छलफलमा सरकारको काम प्रभावकारी देखाउन मन्त्रिपरिषद् पुनर्गठन गर्ने सहमति बनेको निकटस्थ स्रोतले जानकारी दिएको छ।

१७ असारमा कांग्रेस र एमालेबीच भएको ७ बुँदे सहमतिको आधारमा ३० असारमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री बनेका थिए। कांग्रेस-



मन्त्री हेरफेरलगायत विषयमा छलफल गर्न पछिल्लो समय देउवा-ओली भेटघाट दैनिक हुन थालेको हो । कांग्रेसलाई विश्वासमा लिन प्रधानमन्त्री ओली आफैंले पहल गरेर देउवासँग भेटघाट बढाएका छन्

एमाले गठबन्धनको सरकार बनेको ४ महिना पुगे पनि केही मन्त्रीहरूले प्रभावकारी काम गर्न नसकेका निष्कर्षमा ओली र देउवा पुगेका छन्।

ओली मन्त्रिपरिषद्का २२ जना मन्त्रीमध्ये घटीमा ४ र बढीमा ६ मन्त्री परिवर्तन गर्ने तयारीमा छन्। दुवै नेताले पार्टीमा छलफल गरेर 'रेड जोन'मा परेका मन्त्री हटाउने र त्यस ठाउँमा नयाँ नियुक्त गर्ने निश्चित गरी आन्तरिक छलफल पनि थालेका छन्।

मंगलबार साँझ बसेको २ दलका शीर्ष तहका नेताहरूको छलफलमा प्रधानमन्त्रीको आसन्न चीन भ्रमण र मन्त्री हेरफेरबारे कुराकानी भएको छ।

मन्त्री हेरफेरलगायत विषयमा छलफल गर्न पछिल्लो समय देउवा- >>> पृष्ठ २ मा

## आँखीझ्याल



गढीमाई मेलामा भक्तजनहरूको घुइँचो ३



व्यापार असन्तुलन हटाउन समायोजित सन्धि ४



पुटिनद्वारा नयाँ रुसी आणविक सिद्धान्तमा हस्ताक्षर ५

एनसेल नेपाल प्रिमियर लिगको 'पावरड बाई' प्रायोजक



७

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारी : व्यक्तिगत बढ्दै, संस्थागत घट्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ मंसिर ।

चालू आर्थिक वर्षको ३ महिनामा मुलुकले प्राप्त गरेको रेमिट्यान्ससँगै वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या पनि अघिल्लो वर्षको तुलनामा बढेको छ। व्यक्तिगत श्रम स्वीकृतिमा जानेको संख्या बढ्दै जाँदा संस्थागत अर्थात् म्यानपावर कम्पनीबाट संस्थागत श्रम स्वीकृतिमा जानेको संख्या भने तुलनात्मक रूपमा घट्दै आएको देखिएको छ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको वित्तीय विवरणअनुसार चालू आर्थिक वर्षको ३ महिनामा ४ खर्ब ७ अर्ब ११ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ भने असोजमा मात्रै १ खर्ब ४४ अर्ब रुपैयाँ भित्रिएको छ। रकम गत वर्षको सोही अवधिको तुलनामा यो ११ दशमलव ५ प्रतिशतले बढी हो ।

२ आर्थिक वर्षका अघिल्ला ३ महिनाको अवधिमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या पनि बढेको छ। गत वर्षको पहिलो ३ महिनामा १ लाख

● ● ●

व्यक्तिगत रूपमा जाने प्रवृत्तिले जोखिम बढाउने विज्ञहरूले बताए पनि वैदेशिक रोजगार विभागले सहज तरिकाले श्रम स्वीकृति प्रदान गर्दै आएको छ

६२ हजार ६९४ जना वैदेशिक रोजगारीमा गएकामा चालू आर्थिक वर्षको सोही अवधिमा १ लाख ७० हजार ५९३ जना गएका छन् ।

समग्रमा वैदेशिक रोजगारीमा जाने युवायुवतीको संख्या बढे पनि संस्थागत अर्थात् म्यानपावर कम्पनीबाट गएका कामदारको संख्या गत वर्षको पहिलो ३ महिनाको तुलनामा यस वर्षको पहिलो ३ महिनामा करिब ८ हजारभन्दा बढीले घटेको छ । गत वर्ष साउन, भदौ र असोजमा संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत ८७ हजार ७६३ जना गएकामा यस वर्षको सोही अवधिमा ७९ हजार ४२६ जना गएका छन् ।

३ महिनाको अवधिमा व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जानेको संख्या भने करिब एक तिहाइले बढेको छ। गत वर्ष ३ महिनाको अवधिमा व्यक्तिगत श्रम स्वीकृतिमा २२ हजार ३८ जना गएकामा यस वर्ष साढे ६ हजार जनाभन्दा बढी अर्थात् २८ हजार ७२३ जना गएका छन्। यस वर्ष साउनमा ८ हजार ९३९, >>> पृष्ठ २ मा

# पटके अपराधमा प्रसाईं



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

मेडिकल व्यावसायी दुर्गा प्रसाईं पक्राउ परेका छन्। २ महिनाको अवधिमा प्रसाईं दोस्रो पटक पक्राउ परेका हुन्।

यसअघि ६ असोजमा पक्राउ परेका प्रसाईं जिल्ला अदालत काठमाडौंले १ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएपछि १५ असोजमा छुटेका थिए। त्यसबेला उनी साइबर अपराध गरेको आरोपमा पत्राउ परेका थिए। मंगलबार पनि प्रसाईं साइबर अपराधको कसूरमा पक्राउ परेका हुन्।

प्रसाईंले सोमबार मात्र कम्बोडियाको टेलिकममा प्रधानमन्त्री केपी शर्मा ओलीले साढे ३२ अर्ब >>> पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
Accountant : 1 (M/F)
Receptionist : 2 (Female)
PRO : 2 (Male/Female)
Documentation : 2 (M/F)
Salary: Negotiable
Requirements:
Minimum 2/4 Years of Experienced in related fields.
Bachelor's Degree Passed for Office secretary.
Contact: 9810092580 | 9851043031
Send the cv on : grandpearl1555@gmail.com
Govt. Lic. No. 1555/078/080
Grand Pearl International Pvt.Ltd.
Basundhara 3, Kathmandu, Nepal
4975660 | 4974560

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ मंसिर २०८१, बुधबार
20 November 2024, Wednesday

# आगलागीबाट लाखौंको क्षति

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, ४ मंसिर

रौतहट बौधिमाई नगरपालिका वडा नं.२ इनर्वामा आगलागी हुँदा लाखौंको क्षति पुऱ्याएको छ। इनर्वा मठ टोलमा रहेको सिताबी पटेंलको गोठ घरमा लामखुट्टे धपाउन बालेको आगोबाट आगलागी भइ गोठघर पूर्ण रुपमा जलेर नष्ट हुनुका साथै एक चौपायासहित पटेलको श्रीमति जलेर गम्भीर घाइते भएकी छिन्।



सोमबार राति करिब साढे ११ बजेको समयमा भएको आगलागीबाट एकैसाथ दुई परिवारका गोठघर जलेर नष्ट भएको हो। स्थानीय सिताबी पटेंलको घरमा लागेको आगोबाट छिमेकी नागेन्द्र पटेंलको गोठघर समेत पूर्ण रुपमा जलेर नष्ट भएको हो। आगलागीमा दुईवटै परिवारका गोठ घरमा राखिएका लाखौं मूल्य बराबरको कृषि सामग्री, मोटर तार, पाइप, पंखा, लता-कपडा, साइकल, अन्नबाली, खानेकुरा, बीउबिजन, कृषिमल, किटनाशक औषधी लगायत ओछ्यान र घरमा राखिएको काठ समेत पूर्ण रुपमा जलेर नष्ट भएको हो। परिवारका सम्पूर्ण सदस्यहरु सुतिरहेको बेला आगो लागि विकराल रूप लिएपछि थाहा पाएको पीडित परिवारले बताएका छन्। आगलागीबाट स्थानीय सिताबी पटेंलको गोठघर राखिएको काठको तयारी अवस्थामा रहेको भ्याल, चौकठहरु गरी सम्पूर्ण सामग्री जल्नुको साथै एक भैंसी समेत गरेर लाखौं लाख बराबरको धनमाल जलेर पूर्णरूपमा क्षति भएको पीडित परिवारले बताए। सँगै अर्का छिमेकी नागेन्द्र पटेंलको घरमा आगो सल्किँदा अन्नपानी,लताकपडा, कृषि सामग्री र घरमा राखिएको काठहरु समेत घर पूर्णरूपमा जल्दा लाखौंको धनमाल क्षति भएको अनुमान गरिएको छ। स्थानीय गाउँबासीको सहयोग तथा ईलाका प्रहरी कार्यालय कोपवा पिपरियाको सहयोगमा आगोलाई नियन्त्रणमा लिएको थियो।

# प्रेस युनियन युरोपको नवनिर्वाचित कार्यसमितिको पदस्थापन

**लिस्बन/मस-** नेपाल प्रेस युनियन युरोपको प्रथम अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वको पदस्थापन गरिएको छ। सोमबार एक कार्यक्रमका बीच सञ्जयभक्त कँडेल नेतृत्वको नवनिर्वाचित कार्यसमितिलाई जुममार्फत शपथ ग्रहण तथा पदस्थापन गरिएको हो। कार्यक्रममा निर्वाचन समितिका संयोजक आरके त्रिपाठीले नवनिर्वाचित कार्यसमितिलाई शपथ ग्रहण गराएका थिए।

सो अवसरमा नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रवासमा रहेका नेपाली पत्रकारले पत्रकारिताको माध्यमबाटै नेपाललाई योगदान गर्नुपर्ने बताए। लोकतन्त्रवादी पत्रकारहरुलाई संगठित गर्ने उद्देश्यका साथ वैदेशिक शाखा विस्तार गरिएको उल्लेख गर्दै लम्सालले युरोप शाखालाई चलायमान र गतिशील बनाउन आग्रह गरे।

कार्यक्रममा युनियनका केन्द्रीय उपाध्यक्ष नकुल अर्याल, युनियनका केन्द्रीय महासचिव दिलीप पौडेल, निर्वाचन समितिका संयोजक एवं कांग्रेस नेता आरके त्रिपाठी, केन्द्रीय प्रतिनिधि एवं युनियनका केन्द्रीय उपमहासचिव युवराज गौतम, प्रेस युनियन युरोपका सल्लाहकार एवं वरिष्ठ पत्रकार भागीरथ योगी, युनियनका केन्द्रीय सदस्य दीपक भण्डारी, प्रेस युनियन बेलायतका अध्यक्ष विपिन निरौला, प्रेस युनियन पोर्चुगलका संयोजक बासु सत्याललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

सो अवसरमा नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो। कार्यक्रम प्रेस युनियन युरोपका संयोजक सञ्जयभक्त कँडेलको अध्यक्षता, सबिना श्रेष्ठको स्वागत तथा भरत प्रधानको सञ्चालनमा सम्पन्न भएको थियो।

# नसुल्झिएको घाउ

विस्तृत शान्ति सम्झौताको १८ वर्ष पूरा भएको छ। तर, अझै संक्रमणकालीन न्यायको विषय टुंगो लागेको छैन। पछिल्लो समय संघीय संसद्ले संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक पारित गरेसँगै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठनको गृहकार्य अघि बढेको छ।

तत्कालीन नेकपा माओवादीले संचालन गरेको १० वर्षे शसस्त्र द्वन्द्व औपचारिक रूपमा अन्त्य गर्न ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको थियो। नेपाल सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही नेकपा माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति सम्झौतामा हस्ताक्षर गरेका थिए। उक्त शान्ति सम्झौतामा उल्लेख भएअनुसार सेना समायोजन तथा हतियार व्यवस्थापन, संविधानसभा चुनावमार्फत संविधान जारी गर्नेलगायतका कार्य सम्पन्न भए। तर, संक्रमणकालीन न्याय भने अझै टुंगोमा पुगेको छैन्।

शान्ति सम्झौतामा द्वन्द्वपीडितलाई न्याय दिन र संक्रमणकाल अन्त्यका लागि ६ महिनाभित्र संक्रमणकालीन न्यायसम्बन्धी संयन्त्र गठन गर्ने उल्लेख थियो। तर, दलहरूको सहमति नहुँदा ८ वर्षपछि मात्र बेपत्ता खोजविन तथा छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो। अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा पीडित परिवारहरूको पहिचान गर्ने तथा उनीहरूलाई राहत उपलब्ध गराउने उल्लेख थियो। संविधान र विस्तृत शान्ति सम्झौतानुसार २८ वैशाख २०७१ मा ऐन जारी भएको थियो।

उक्त ऐनको विषयमा सर्वोच्च अदालतले प्रश्न उठाएर सच्याउन आदेश दिएछि आयोगले काम गर्न सकेन। हालै सर्वोच्च अदालतको आदेशअनुसार ऐन संशोधन भएर आयोग गठनको प्रक्रिया अगाडि बढेको छ, जसअन्तर्गत संक्रमणकालीन न्यायसम्बन्धी २ आयोगमा अध्यक्ष तथा सदस्यका लागि ७० जनाभन्दा बढी व्यक्तिले आवेदन दिएका छन्।

बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनअनुसार आयोगमा अध्यक्षसहित ५ सदस्य रहने व्यवस्था छ। त्यसमा पनि कम्तीमा १ जना महिला अनिवार्य हुनुपर्ने व्यवस्था छ। सरकारले सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा सर्च कमिटी बनाएको थियो। अब सर्च कमिटीले अध्यक्ष तथा सदस्यका लागि सिफारिस गर्ने छ। आयोग गठन भएपछि प्राप्त उजुरीउपर छानबिन अगाडि बढ्नेछ। २ आयोगमा सबैभन्दा थोरै बेपत्तासँग सम्बन्धित उजुरी छन्। यातनासँग सम्बन्धित १० हजार ८७४ वटा उजुरी छन्। सम्पत्तिसम्बन्धी उजुरी १६ हजार ६५ वटाभन्दा बढी उजुरी छन्।

१० हजार ८५८ वटा उजुरी व्यक्ति हत्यासँग सम्बन्धित छन्। विस्थापनसँग सम्बन्धित ५ हजार ९८५ वटा छन्। ५ हजार १५ वटा उजुरी अपांगता बनाउनेसँग सम्बन्धित छन्। अपहरण तथा शरीर बन्धकका ४ हजार ३१६ वटा छन्। बलात्कार तथा यौनजन्य हिंसाका ३१४ वटा छन्। यी उजुरीउपर आयोग गठन भएपछि छानबिन हुनेछ। त्यसपछि द्वन्द्वपीडित र प्रभावितले न्याय पाउन सक्ने छन्।

पूर्वकानुनमन्त्री गोविन्द बन्दी संक्रमणकालीन न्याय टुंगिने बाटोमा रहेको बताउँछन्। अब गठन हुने आयोगमा पुग्ने पदाधिकारीले जिम्मेवारीबोध गर्दा त्यसले छिटो परिणाम दिने उनको भनाइ छ। उनी भन्छन्, 'यो राज्यको कुरा हो, पीडितको न्यायको कुरा हो, यो ऐतिहासिक जिम्मेवारी मेरो काँधमा आएको छ भनेर आयोगमा पुग्ने पादधिकारीले बोध गर्न सक्नुपर्छ। यसरी काम गर्दा सफल भइन्छ।'

तर, यी काम सम्पन्न भई न्याय पाउने अवस्थाको पर्खाइमा रहेका पीडित भनिरहेका छन्, 'कहिले सुल्झिन्छ हाम्रो घाउ ?'

## २२ खर्ब...

प्रतिशतले वृद्धि भएको हो, जुन हालसम्मकै उच्च हो। २०८१ असार मसान्तमा राष्ट्र बैंकको सञ्चिति १८ खर्ब ४८ अर्ब ५५ करोड रुपैयाँ रहेको थियो।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति असोज मसान्तमा २४ खर्ब ४ अर्ब २७ करोड रुपैयाँ कायम भएको छ, जुन २६ दशमलव ९ प्रतिशतले वृद्धि भएको हो। असोज मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव ९ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ। आर्थिक वर्ष २०८१/०८२ को ३ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७ दशमलव ६ महिनाको वस्तु आयात गर्न र १४ दशमलव ६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

विदेशी मुद्रा सञ्चिति उच्च हुँदा उत्पादनमुखी क्षेत्र र नेपालको विकास निर्माणको क्षेत्रमा लगानी गर्न सहजता हुने अर्थविज्ञहरू बताउँछन्। विदेशी मुद्रा सञ्चितिको अवस्था निकै बलियो भएको अवस्थामा यसलाई उपभोग भन्दा पनि पुँजी निर्माणमा प्रयोग गर्नुपर्ने अर्थविज्ञ डा. चन्द्रमणि अधिकारी बताउँछन्। 'अर्थतन्त्रलाई चलायनमा गराउनका लागि अब सरकारले पुँजीगत खर्च बढाउनुपऱ्यो। अहिले उद्योगहरू ५० प्रतिशत मात्र चलेको अवस्थामा उद्योग चलाउनका लागि कच्चा पदार्थ र मेसिनरी सामान खरिदमा विदेशी मुद्रा प्रयोग गर्न आवश्यक छ', उनले भने।

मुलकको अर्थतन्त्रलाई बलियो बनाइरहेको रेमिट्यान्स गत आर्थिक वर्षको असार मसान्तको तुलनामा ११ प्रतिशतले बढेको छ। चालू आर्थिक वर्षको पहिलो ३ महिनामा ४ खर्ब ७ अर्ब ३१ करोड रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ। रेमिट्यान्स आप्रवाह गत वर्षको सोही अवधिको तुलनामा ११ दशमलव ५ प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ।

यस्तै, चालू आर्थिक वर्षको ३ महिनामा शोधानान्तर स्थिति १ खर्ब ८४ अर्ब रुपैयाँले बचतमा हुँदा चालू खातासमेत १ खर्ब ११ अर्ब रुपैयाँले बचतमा छ।

समीक्षा अवधिमा गैरखाद्य वस्तुको तुलनामा खाद्य वस्तुमा भने मूल्य वृद्धि भएको छ। मुख्यगरी तरकारी र गेडागुडीको मूल्यमा उच्च वृद्धि देखिएको हो।

उपभोक्ता मुद्रास्फीति ४ दशमलव ८२ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा मुद्रास्फीति ७ दशमलव ५० प्रतिशत थियो।

३ महिनामा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७ दशमलव १८ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३ दशमलव ४९ प्रतिशत छ। ३ महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य २५ दशमलव १५ प्रतिशत, दाल तथा गेडागुडीको १० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९ दशमलव ५७ प्रतिशत र घीउ तथा तेलको ४ दशमलव ९८ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ।

## मन्त्री...

ओली भेटघाट दैनिक हुन थालेको हो। कांग्रेसलाई विश्वासमा लिन प्रधानमन्त्री ओली आफैंले पहल गरेर देउवासँग भेटघाट बढाएका छन्।

प्रधानमन्त्री ओली निकट स्रोतका अनुसार कार्यसम्पादन राम्रो नभएका केही मन्त्रीहरूलाई बिदाइ गर्न ओली र देउवा सहमति नजिक पुगेका छन्।

केही मन्त्रीहरूको कमजोर कार्यसम्पादनका कारण आफूहरूले समेत बदनामी खेप्नुपरेको उनीहरूको निष्कर्ष छ। एमालेबाट कम्तीमा ४ जना मन्त्रीलाई बिदा गरेर उनीहरूको ठाउँमा काम गर्न सक्ने मन्त्री ल्याउने ओलीको तयारी छ।

केही मन्त्रीहरूको कार्यशैली र विवादमा मुछिएका कारण पार्टीभित्रैबाट आलोचना भएपछि देउवा पनि केही मन्त्रीलाई हटाउने पक्षमा छन्।

प्रधानमन्त्रीसँग भेट्नुअघि देउवाले मंगलबार बिहान महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग आफ्नै निवास बूढानीलकण्ठमा छलफल गरेका थिए। समसामयिक राजनीतिक विषय र स्थानीय तहको उपनिर्वाचन तयारीलगायत विषयमा कुराकानी गरेको भनिए पनि मुख्य विषय कांग्रेसबाट मन्त्री भएकाहरूको कार्यसम्पादनका विषयमा छलफल भएको थियो।

महामन्त्रीद्वयसँगको छलफलमा देउवाले १६ मंसिरमा हुन लागेको ३३ जिल्लाका स्थानीय तहका ४४ पदको उपनिर्वाचनबारे जानकारी लिए। देउवा एक हप्ता गृह जिल्ला डडेल्धुरा बसेर काठमाडौं फर्केका हुन्। 'समसामयिक राजनीतिक घटनाक्रम र सरकार तथा मन्त्रीहरूबारे उनीहरूबीच कुराकानी भएको छ', देउवा निकट स्रोतले भन्यो। स्रोतका अनुसार मुख्यतया प्रधानमन्त्री ओलीको १७ मंसिरबाट हुन लागेको चीन भ्रमणका एजेन्डाबारे पनि प्रधानमन्त्री-महामन्त्रीहरूबीच छलफल भएको हो।

बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)को कार्यान्वयन योजनामा हस्ताक्षर गर्न सहमति दिने या नदिने भन्ने विषयमा देउवाले महामन्त्रीहरूसँग राय लिएका बताइन्छ।

ओली निकट स्रोतका अनुसार एमालेबाट सरकारमा सहभागी मन्त्रीहरूमध्ये कार्यसम्पादन सबैभन्दा कमजोर भएका मन्त्रीमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई लिइएको छ। दाहालले प्रभावशाली मन्त्रालय पाए पनि असोजमा गएको बाढी पहिरोको बिपत्तिमा काम गर्न नसकेको निष्कर्ष एमाले र प्रधानमन्त्री ओलीले निकालेका छन्। बाढी पहिरोको प्राकृतिक बिपत्ति आउनुअघि र पछि तालुकवाला मन्त्रालय भएर पनि प्रभावकारी कदम चाल्न नसकेपछि दाहालमाथि प्रश्न उठेको हो।

दाहालमाथि सहसचिव, उपसचिव, आयोजना प्रमुखको सरुवा र बढुवामा बढी ध्यान दिएको अनौपचारिक उजुरीसमेत परेका बताइन्छ।

एमालेबाट उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री बनेका दामोदर भण्डारीको पनि कार्यसम्पादन कमजोर भएको भन्दै पार्टीमा प्रश्न उठेको प्रधानमन्त्री निकट स्रोतले बताएको छ।

दाहालले उद्योगमा कसरी सुधार ल्याउन सकिन्छ भन्ने नीति बनाउन भन्दा पनि कर्मचारीको सरुवा र बढुवामा तथा आफूलाई फाइदा हुने काम गर्ने उद्योगीलाई पोस्ने निर्णय गर्न समय खर्चिएको गुनासो प्रधानमन्त्री ओलीसम्म पुगेको छ। एमालेकै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले पनि प्रभावकारी काम गर्न नसकेको निष्कर्ष प्रधानमन्त्री ओलीको छ।

सुकुम्बासीको समस्या समाधान, काठमाडौं उपत्यकाका नदी र खोला किनाराका जग्गाको ४० मिटर मापदण्डबारे उनले काम गर्न नसकेको एमाले र प्रधानमन्त्री ओलीले निष्कर्ष निकालेका स्रोतहरू बताउँछन्। अधिकारीमाथि सरुवा र बढुवामा ध्यान दिएर अन्य काम प्रभावकारी रूपमा गर्न नसकेको आरोप पनि लागेको छ।

यता, कांग्रेसबाट मन्त्री बनेकामध्य सबैभन्दा बढी विवादित संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे छन्। उनी कांग्रेसका सहमहामन्त्री पनि हुन्।

पाण्डेलाई देउवाले पार्टी बैठकमा सुरुमै 'मन्त्रालय चलाउन नसके अर्को साथी जानुहुन्छ' भन्दै प्रश्न उठाएका थिए। देउवाको अनुमान जस्तै प्रधानमन्त्री ओली पनि पाण्डेले काम गर्न नसकेको निष्कर्षमा पुगेका छन्।

दसैंको मुखमा वर्षाका कारण अधिकांश सडक बिग्रिएपछि उपत्यका र शहरी भेगमा बसोबास गर्ने नागरिकहरू हवाई यात्रा गर्न बाध्य भएका थिए। त्यही मौका छोपेर निजी एयरलायन्स कम्पनीहरूले मनोमानी भाडा बढाएका थिए। तर, पर्यटनमन्त्री पाण्डेले त्यो मनोमानी रोक्न सकेनन्। निजी एयरलायन्सलाई हातमा लिएर आफूअनुकूलको काम गराउन सकेनन्। पशुपति क्षेत्र विकास कोष क्षेत्रभित्र रहेका धर्मशाला र गौशाला संचालनमा कोष, काठमाडौं महानगरपालिका र मारवाडी सेवा समिति नेपालबीच देखिएको तनावको स्थिति नियन्त्रणमा पनि मन्त्री पाण्डे असफल देखिएका छन्। मन्त्री पाण्डे कोषका अध्यक्ष भएर पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न नसकेको भन्दै प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले पाण्डेलाई बोलाएरै सुधार गर्न भनेका थिए।

कांग्रेसबाट सरकारको नेतृत्व गरेका उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहमाथि पनि प्रश्न उठेका छन्। मन्त्री बनेको केही दिनमै आफ्नो कार्यक्षेत्रबाहिर गएर नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई मन्त्रालयमा बोलाएर सुरक्षासम्बन्धी ब्रिफिङ लिएको भनेर आफ्नो आधिकारिक फेसबुक पेजमा लेखेका उपप्रधानमन्त्री सिंहले प्राकृतिक विपत्तिपछि सहरी विकास मन्त्रालयअन्तर्गत बनाउनपर्ने संरचना नबनाएर कर्मचारीको सरुवा बढुवामा मात्र ध्यान दिएको गुनासो प्रधानमन्त्री कार्यालय र कांग्रेस सभापति देउवासम्म पुगेको छ।

## वैदेशिक...

भदौमा ९ हजार २६ जना र असोजमा १० हजार ७५३ जना व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन्। असोजमा करिब १ हजारको संख्यामा रहेका म्यानपावर कम्पनीले २५ हजार ५०७ जना मात्र पठाएका वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। १० हजार ७५३ जना व्यक्तिगत श्रम स्वीकृतिमा पठाउनेको कुनै अत्तोपत्तो छैन।

यसरी व्यक्तिगत रूपमा जाने प्रवृत्तिले जोखिम बढाउने विज्ञहरूले बताए पनि वैदेशिक रोजगार विभागले सहज तरिकाले श्रम स्वीकृति प्रदान गर्दै आएको छ। प्रक्रिया पुऱ्याएर श्रम स्वीकृति माग गर्नेलाई रोक्न नमिल्ने विभागका सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन्।

## पटके ...

रुवैयाँ लगानी गरेको भन्दै भिडियो सार्वजनिक गरेका थिए। तर, सार्वजनिक विवरणमा उल्लेखित विवरण गलत रहेको भन्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले मंगलबार प्रसाईंलाई पक्राउ गरेको हो।

सीआईबीका अनुसार उही प्रकृतिको कसूरमा प्रसाईंलाई दोस्रो पटक पक्राउ गरिएको हो। एउटै अपराधमा एक पटकभन्दा बढी पक्राउ परेपछि पटके अपराधअन्तर्गत अनुसन्धान हुन्छ। यस्तोमा पटके अपराधअन्तर्गत प्रहरीले सजायको माग गर्न सक्छ।

साइबर अपराधलगायतका अपराधमा कुनै व्यक्तिलाई प्रहरीले १ पटकभन्दा बढी पटक पक्राउ गऱ्यो भने त्यसलाई पटके अपराधअन्तर्गत अनुसन्धान गर्ने अभ्यास छ। प्रहरीका अनुसार पटके अपराध ठहरे साविकको सजायभन्दा बढी अर्थात् डेढी सजाय हुन्छ।

प्रहरीका अनुसार हाल प्रसाईंविरुद्ध विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत मुद्दा अगाडि बढेको छ। यो मुद्दा लगाउनुको कारण हो- प्रसाईंले प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध सामग्री सार्वजनिक गर्नु र ती सामग्रीमा रहेका विवरणमा प्रश्न उठ्नु। प्रसाईंले प्रधानमन्त्री ओलीको कम्बोडियाको स्मार्ट टेलिकममा २१ करोड (साढे ३२ अर्ब रुपैयाँभन्दा बढी) लगानी रहेको भन्दै सामाजिक संजाल फेसबुकमा भिडियो पोस्ट गरेका थिए।

यो प्रधानमन्त्रीलाई आरोपित गर्ने विषय भएको र गलत तथ्यको सहारा लिइएको भन्दै प्रहरीले पक्राउ गरेर विद्युतीय कारोबार ऐनअन्तर्गतको कसूरमा उनीमाथि अनुसन्धान अगाडि बढाएको हो। प्रसाईंमाथि किर्तेअन्तर्गतको कसुरमा पनि अनुसन्धान हुने प्रहरीले जनाएको छ। सीआईबीका प्रवक्ता एवं सूचना अधिकारी होबीन्द्र बोगटीले प्रेस विज्ञप्ति निकालेर भ्रामक समाचारहरू सम्प्रेषण गरेका कारण नियन्त्रण गरिएको उल्लेख गरेका छन्। विज्ञप्तिमा लेखिएको छ, 'दुर्गा प्रसाईंले सामाजिक संजाल फेसबुक एकाउन्ट र अपडेट सेरोफेरो नामक फेसबुक पेजबाट सम्माननीय प्रधानमन्त्री खड्गप्रसाद शर्मा (केपी शर्मा ओली)ज्यूको कम्बोडियामा लगानी भन्ने भ्रामक समाचारहरू सम्प्रेषण गरी सार्वजनिक नैतिकता, शिष्टाचारमा असर पार्नेगरी घृणा, द्वेष फैलाउने कार्य गरेको हुँदा निज दुर्गाप्रसाद प्रसाईंलाई सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०८१/०८/०४ गते पक्राउ अनुमतिअनुसार यस ब्युरोबाट खटी गएको प्रहरी टोलीले मिति २०८१/०८/०४ गते निजकै घर भक्तपुर मध्यपुर थिमि नगरपालिका वडा नम्बर- ६ बाट पक्राउ गरी ल्याइएकोमा थप अनुसन्धानको लागि साइबर ब्युरो भोटाहिटी काठमाडौं पठाइएको छ।'


## यूएईमा रोजगार

कम्पनी: RENOVIA FOR BUILDING CONTRACTING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/०२ — चलानी नं.:६०२२८२८५ — LT. No.: 313702

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 3 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 3. | Plumber | 3 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 4. | Steel Fixer | 2 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 5. | STONE MASON | 2 | 0 | | 1200 | ३६,६८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9741690732, 9829217688, 9851100368 E-mail: info@opusmanpower.com
श्रम ई. पत्र नं. ९४८/०६७/०६८

## युएई र कतारमा रोजगार

कम्पनी: SERVEU — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/०४ — चलानी नं.: ६०२२८२८३ — LT. No.: 313853

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Park Services Attendant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 2022 | ७४,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 190 | 0 | | 2022 | ७४,७३३ | | | | | | | |

कम्पनी: AL HANQAH HOSPITALITY AND CLEANING SERVICES — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०८/०४ — चलानी नं.: ६०२२८२८२ — LT. No.: 313911

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 24 | 6 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ६२,८३२ | | | | | | | |

कम्पनी: PETROCON ECC WLL — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०८/०४ — चलानी नं.: ६०२२८२८१ — LT. No.: 313912

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६२,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 10 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 3. | Labourer (Male) | 10 | 0 | | 1000 | ३६,९६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

दियालो ईन्टरनेशनल ईम्प्लोईमेन्ट एजेन्सी प्रा. लि.
सिनामंगल-९, काठमाण्डौ फोन: ४५६०९२२, ४५६०६००, ९७४१७०१३१३
Email : diyalointl@gmail.com , Web: www.diyalo.com.np
श्रम ईजाजत नं.: ८११/०६५/०६६


# Gadhi Rural Municipality
# Office of Rural Municipal Executive

**Aurabani, Sunsari**
**Koshi Province, Nepal**

## Invitation For E-Bids

**Secod Date of Publication: 2081-08-05 (2024-11-20)**

1. Gadhi Rural Municipality, Aurabani, Sunsari invites electronic bids from eligible bidders for the following Supply NCB Bidding procedures.

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| 1 | GRM/GOODS/VEHICLES /NCB-001/2081/2082 | Procurement of Supply and Delivery of Jeep | 2,85,000.00 | 3000.00 | |

| | |
|---|---|
| Deadline for bid submission | 2081-09-05 (2024-12-20) till 12:00 noon. |
| Date, time and place of bid opening | 2081-09-05 (2024-12-20) 13:00 PM at Gadhi Rural Municipality, Aurabani, Sunsari |
| 1. Bank Account Details for bid document fee | System Account Name: Gadhi Gaupalika- Antarik Rajashwa Khata Ga 1.1<br>Account no.: 03015157749<br>Name of Bank: Siddhart Bank Ltd, Gadhi Rural Branch |
| Account Details for bid security amount | System Account Name: Gadhi Gaupalika - Dharauti Khata Ga-3<br>Account no.: 03015133001<br>Name of Bank: Siddhartha Bank Ltd, Gadhi Rural Branch |

2. Interested eligible bidders may obtain further information from Gadhi Rural Municipality, Aurabani, Sunsari at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# पञ्चवर्षीय गढीमाई मेलामा भक्तजनहरूको घुइँचो

राहुल गुप्ता/मध्यान्ह
बारा, ४ मंसिर

प्रत्येक पाँच बर्षमा लाग्ने विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेला सुरु भईसकेको छ। नेपाल भारतसहित दक्षिण एसियाको शक्तिपिठ (जगता) भगवतीको रुपमा स्थापित भएकी माता गढीमाईको मेला बारा जिल्लाको महागढीमाई नगरपालिकाको वरियारपुर गाउँमा सुरु भएको हो।

मंसिर १ गतेबाट सुरु भएको मेलाको समापन मंसिर ३० गते हुने मेला मूल व्यवस्थापन समितिका अध्यक्ष एवं महागढीमाई नगरपालिकाका मेयर उपेन्द्रप्रसाद यादवले जानकारी दिए।

नेपालसहित भारतमा समेत प्रसिद्धि पाएको बहुप्रतिक्षित गढीमाई मेला भाकल पूरा भएको खुसीयालीमा पशुबलि दिएर मनाउने गरिन्छ। मेला व्यवस्थापन समितिले करिव दुई करोड भक्तजनहरूलाई माताको दर्शन गराउने लक्ष्य राखेको छ।

गढीमाईको विशेष पूजा १७ गतेदेखि प्रारम्भ हुनेछ। मंसिर २३ गते बिहान तान्त्रिक विधिबाट पुजारीले गढीमाईलाई पञ्चबलि दिएपछि मन्दिरमा भाकल गरेर ल्याइएका पशुबलि दिइने गढीमाईका मूल पुजारी मंगल चौधरीले बताए।

यस्तै मेला स्थलमा स्वास्थ्य क्षेत्रलाई विशेष ध्यान दिइएको छ। मेला स्थलमा भेन्टिलेटर सेवा सहितको स्वास्थ्य शिविर सञ्चालनमा छ।

मेला मूल समितिका अध्यक्ष एवं महागढीमाई नगरपालिकाका प्रमुख यादवले मेला स्थलमा १० वटा एम्बुलेन्स र १० वटा वारुण यन्त्र तयारी अवस्थामा राखिएको बताए।

मेलाको सुरक्षा बारा जिल्ला प्रशासनले लिएको छ। मेलामा विभिन्न खेल, कृषि शिविर, हस्तकला, स्थानीय कालिगढद्धारा तयारी गरिएको काठका सामग्रीहरू प्रदर्शन गरिने छ।



## मन्त्री यादवले गरे मेलाको अवलोकन

मधेश प्रदेश सरकारका उर्जा,सिचाई तथा खानेपानी मन्त्री शेष नारायण यादवले मंगलबार विश्व प्रसिद्ध गढीमाई मेलाको अवलोकन तथा निरीक्षण गरेका छन्। मंसिर १ गतेदेखि महागढीमाई नगरपालिकाको बरियारपुरमा सुरु भएको गढीमाई मेलाको मन्त्री यादवले मन्त्रालयको टोलीसहित अवलोकन तथा निरीक्षण गरेका हुन्।

मेलाको अवलोकन तथा निरीक्षण गर्दै मन्त्री यादवले गढीमाई मन्दिर हिन्दुहरुको एउटा ठूलो आस्था बोकेको मन्दिर रहेकाले यस मेलालाई सबै मिलेर सभ्य र भव्य बनाउनुपर्नेमा जोड दिए। खानेपानी, ढल र शौचालयलगायतका पूर्वाधार निर्माण तथा व्यवस्थापनमा मधेश प्रदेश सरकारबाट कुनै पनि कमी नहुने उनले बताए। गढीमाई मेलालाई सभ्य र भव्य बनाउनका लागि प्रदेश सरकार पनि केन्द्र सरकार जस्तै लागिपरेको मन्त्री यादवले बताए। पञ्चवर्षीय गढीमाई मेला मुल व्यवस्थापन समितिसँग समन्वय गरेर खानेपानी मन्त्रालयले आवश्यक पर्ने खानेपानी पाइपलगायतका समग्री उपलब्ध गराउन मधेश सरकार तत्पर रहेको मन्त्री यादवले बताए।

अवलोकन तथा निरीक्षणका क्रममा मन्त्री यादव र मन्त्रालयका सचिव जक्की अहमद अन्सारीलाई महागढीमाई नगरपालिकाका प्रमुख एवम् पञ्चवर्षीय गढीमाई मेला मूल व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र प्रसाद यादवले फूलमालाले स्वागत गरेका थिए।

# सप्तरीमा बढ्न थाले संगठित अपराधका घटना

पिन्टु यादव/मध्यान्ह
सप्तरी, ४ मंसिर

सप्तरीमा संगठित अपराधका घटना बढ्न थालेको पाइएको छ। उक्त गिरोहले व्यवसायीदेखि विभिन्न मुद्दामा कैद भुक्तान गरिरहेका अभियुक्तहरुको अभिभावकबाट रकम ठगिएको रहस्य खुलेको छ। तर, विगत दुई दशकदेखि सक्रिय ती गिरोहविरुद्ध पीडितहरु खुलेर बोल्न सकिरहेका छैनन्। त्यसकारण, उक्त गिरोहले अहिलेसम्म विभिन्न नाममा ठगी धन्दा चलाउँदै आएका छन्।

सप्तरीको तिलाठी कोइलाडी-७ बस्ने हनुमानी साफी भनिने रामबहादुर रजकको कमाण्डमा रहेको उक्त गिरोहले पीडितहरुबाट करोडौं रकम ठगिएको घटना बाहिरिएको छ। आरोपित रजक सोही ठाउँको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्य समेत हुन्। उनी पैसा छापेर दोब्बर दिने र कारागारमा रहेका अभियुक्तलाई कैदमुक्त गराइदिने प्रलोभनमा पारेर दुई दशकदेखि ठगी धन्दा चलाइरहेको खुलेको हो।

उक्त गिरोहमा सय जना बढीको संख्यामा सदस्यहरु सक्रिय रहेको पाइएको छ। जसमा पत्रकारसम्मको सक्रिय भूमिका रहेको पीडितहरु बताउँछन्। संगठित रुपमा उनीहरूले आरोपित रजकको सुरक्षा र पीडितमा डरत्रास उत्पन्न गराउनेदेखि प्रहरी प्रशासनलाई मिलाउनेसम्मको कार्यमा संलग्न रहेको बताउँछन्।



उक्त गिरोहको ठगीमा परेका व्यवसायी सुनसरी जिल्ला कोशी गाउँपालिका-४ श्रीपुर बस्ने महेश प्रसाद यादव बताउँछन्। 'मैले जिल्ला प्रहरी कार्यालय, सप्तरीमा २०७५ भदौ १७ गते मलाई अपहरण गरिएको सम्बन्धमा ठाढो उजुरी दर्ता गराए। जसको दर्ता नम्बर २०६१ रहेको छ। तर,कारबाही हुनुको सट्टा गिरोहको सांघातिक आक्रमणमा परे। ममाथि भएको सांघातिक आक्रमणमा स्थानीय शिक्षक अरुण यादव,गुण्डाको रुपमा प्रयोग भएका रुपेश यादव लगायतको संलग्नता रहेको थियो। जसले मैले लगाएको गरगहना,मोबाइल र घडी समेत लुट्यो। प्रहरीमा उनीहरूलाई झिकाउँदा पत्रकार बैधनाथ यादवको सक्रियतामा दबाउने कार्य भयो। उनीहरूलाई ती पत्रकारले आफ्नो जमानतमा छुटाउने कार्य गऱ्यौ। मलाई फेरि उजुरी दिनुपर्छ भने म दिन तयार छु।'

सेकेन्ड ह्यान्ड स्काभेटर खरिदबिक्री गर्ने बहानामा पीडित यादवसँग २० लाख रुपैयाँ ठगिएको पाइएको छ। उनका अनुसार दुईवटा स्काभेटर सप्लाइ गर्ने नाममा २० लाख रुपैयाँ रकम रजकलाई बुझाए। स्काभेटर नदिएको अवस्थामा ताकेता गरेपछि उनले हामीसँग पैसा डब्बल गर्ने संशाधन रहेको भन्दै १० लाख रकम थप ठगेको बताउँछन्। उनले यादवलाई सादा पेपरमा केमिकल हालेर पैसा छापेर देखाइएको बापत त्यसैको प्रलोभनमा परेर मैले थप दश लाख रुपैयाँ बुझाए। त्यसपछि उनी सम्पर्कविहीन भए। मैले उसको घरसम्म पुग्दा उनले गुण्डा लगाएर ममाथि सांघातिक आक्रमण गर्न लगायो। तिलाठी कोइलाडी गापा-४ बस्ने एक जना पीडित बताउँछन्। उनी भन्छन्,'हजारौं व्यक्ति यस गिरोहबाट पीडित भएका छन्। करोडौं रकम ठगिएका छन्। कसैले केही गर्न सकिरहेका छैन। पुलिस प्रशासन पनि उनैको सुन्छ। उल्टै हामीलाई हप्काइ दिन्छ।' उनका अनुसार उक्त गिरोहले पैसा छापेर दोब्बर गरेर दिने नाममा दुई दशकदेखि ठगी धन्दा चलाइरहेको छ।


## युएईमा रोजगार

कम्पनी : WELL CERTIFIED SCAFFOLDING LLC शहर:UAE पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८०/११/२७ चलानी नं.: ६०२१६६६० L.T. No.:301313

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 25 | 0 | स. काममा दक्ष | 1200 | ४४,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता जब ओरियन्ट ट्रेनिङ इन्स्टिच्युट, काठमाडौंमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ।
अन्तर्वार्ता सिगल ट्रेनिङ सेन्टर, सुकेधारा, काठमाडौंमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

License No.: 1269/074/75
High Quality Overseas Pvt.Ltd.
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168
981-5127328 | 985-1206728, Email: hiqualitynepal@gmail.com


# अभिव्यक्ति स्वतन्त्रता भनेको स्वच्छन्दता होइन : प्रेस काउन्सिल

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले गलत र भ्रमपूर्ण अभिव्यक्ति प्रसारण गरी अराजकता फैलाएको भन्दै विभिन्न ९ वटा युट्युव च्यानललाई मंगलबार कारबाही गरेको छ। तीमध्ये दर्ता, सूचीकरण विना चलेका ३ वटालाई आवश्यक अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरीको साइबर ब्यूरोमा पत्राचार समेत गरेको छ। सूचीकरण भएका अन्य सामाजिक सञ्जाल (युट्युव च्यानल)मा भएका अप्रमाणित र एकपक्षीय सामग्रीलाई तत्काल हटाउन वा स्थगन गर्न समेत काउन्सिलले निर्देशन दिएको छ। काउन्सिलले पछिल्लो समयमा कार्यविधि बनाइ कुनै मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेष गरी युट्युब च्यानल र फेसबुक पेजबाट सम्प्रेषित सामग्रीको विशेष अनुगमन गरिरहेको छ।





केही सामाजिक सञ्जालबाट हालै प्रधानमन्त्री केपी शर्मा ओलीका विषयमा अपुष्ट, एकपक्षीय आरोपसहित गालीगलौज र अफवाहपूर्ण सामग्री प्रसारित भएपछि त्यस्ता माध्यमलाई कारबाही गरेको काउन्सिलले जनाएको हो। काउन्सिलका सहप्रशासकीय अधिकृत एवम् सहप्रवक्ता रामशरण बोहराद्धारा जारी विज्ञप्तिमा आधिकारिक एवम् विश्वसनीय सूचना प्रवाहबाट मात्र पत्रकारिता बलियो र प्रभावकारी हुने भन्दै भ्रम फैलाउने सूचना सामग्री नफैलाउन सम्बद्ध सबैलाई आग्रह समेत गरिएको छ। अभिव्यक्ति स्वतन्त्रता भनेको अराजकता र स्वच्छन्दता कदापी होइन, प्रेस काउन्सिलले विज्ञप्तिमार्फत भनेको छ। प्रेस विज्ञप्तिमा कारबाहीमा परेका माध्यमहरुको विवरण समेत राखिएको छ।


## बर्दगोरिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### ठेक्का न. ०६/BRM/SQ/G/२०८१/२०८२ को बोलपत्रको आशय सम्बन्धि सूचना

प्रकाशित मिति : २०८१/०८/०५

यस बर्दगोरिया गाउँपालिका कार्यालयको आ.व. २०८१/०८२ अर्न्तगत ठेक्का न. ०६/BRM/SQ/G/२०८१/२०८२ (Procurement and installation of Air Conditioner (AC) कार्यका लागि मिति २०८१/०७/१३ गतेको प्रकाशित सूचनाअनुसार तपशिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राहि देखिन आएकोले उल्लेखित बोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का न. | निमार्ण फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|
| ०६/BRM/SQ/G/२०८१/२०८२ | श्री पी.एन.सेल्स प्वाइन्ट, बर्दगोरिया गा.पा. | १५,४७,५०१.१०- मु.अ.क. सहित) |

प्रमुख प्रशासकीय अधिकृत


# टोखा नगरपालिका चीनको एक्सिलेन्स अवार्डबाट सम्मानित

**काठमाडौं/मस-** टोखा नगरपालिकालाई चाइना इन्टरनेशनल फ्रेण्डसिप सिटी कन्फ्रेन्स २०२४ मा एक्सिलेन्स अवार्डबाट सम्मान गरिएको छ। नगर प्रमुख प्रकाश अधिकारीले चीनको कुन्मिङ शहरमा नोभेम्बर १७ देखि सुरु भएको ४ दिने सम्मेलनमा मंगलबार अवार्ड प्राप्त गरेका छन्।

चीनले विश्वका विभिन्न देशका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध गाँसेर उत्कृष्ट कार्य गर्ने १३० देशका नगरपालिकाहरुको सम्मेलनमा टोखा नगरपालिकालाई कोभिड-१९ को महामारी नियन्त्रणमा गरेको महत्वपूर्ण योगदानको कदर स्वरूप एक्सिलेन्स (उत्कृष्टता) अर्वाड प्रदान गरेको छ। टोखाले कोरोना महामारीको समयमा भगिनि सम्बन्ध गाँसेको चीनको नाक्सु शहरको सहयोगमा प्राप्त भएको स्वास्थ्य सामग्रीहरु प्राप्त गरेको थियो। महामारी नियन्त्रणमा सक्रियतापूर्वक कार्य गरेवापत नगरपालिकाले उत्कृष्टताको अवार्ड प्राप्त गरेको हो।



त्यस्तै चीनको कुन्मिङ शहरमा टोखाले उत्कृष्टताको अवार्ड पाइरहेको समयमा मंगलबार नगरपालिकाले लामो समयदेखि गोंगबु बसपार्क क्षेत्रमा रहेका टहराहरु हटाएको छ। सो स्थानमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले चिल्ड्रेन पार्क, खुला व्यायमशाला र सार्वजनिक शौचालयसहितको हरियाली पार्क निर्माण गर्ने भएको छ।

अबको १ हप्तापछि ठेक्का आह्वान गरेर काम सुरु गर्ने प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले बताएका छन्। बिसीका अनुसार मंगलबार टोखा ८ र ९ का सार्वजनिक जग्गाहरु संरक्षणका लागि टहराहरु हटाउने कार्य सम्पन्न भएको छ। अब विष्णुमती करिडोरका दुबैतिरका सडक निर्माणका लागि बुढानीलकण्ठ क्षेत्रसम्म सडक निर्माणको ट्र्याक खोल्दै जाने बिसीले बताएका छन्। करिडोरमा भएका घर/टहराहरु हटाएर बाटो निर्माणमा नगरपालिकाले जोड दिनेछ।

# बाढीपीडितलाई सामुदायिक सेवा समाजको राहत

**काभ्रे/मस-** बेथानचोकका बाढी पीडितलाई काठमाडौं महानगरपालिका वडा नम्बर ७ मैजुबहाल कुमारीगलस्थित सामुदायिक सेवा समाजले राहत-प्रदान गरेको छ।

समाजले बेथानचोक गाउँपालिका वडा नम्बर ४ का ७ घरपरिवारलाई खानेपानीको सुविधा पुनर्स्थापित गर्नका लागि खानेपानीको पाइपप्रदान गरेको हो। पीडामा रहेका यस क्षेत्रका स्थानीयहरूलाई दीर्घकालीन हिसाबले सहयोग पुऱ्याउने उद्देश्यका साथ खानेपानीको पाइप हस्तान्तरण गरी राहत प्रदान गरिएको संस्थाका अध्यक्ष शिवराम अर्यालले बताए।


HIMALAYAN LIFE
प्रधान कार्यालय: मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | PLI1030000474 | ROJLINA SHRESTHA | LELE-01, LALITPUR |
| 2 | PLI1240000978 | UTTAM MAGAR | PHIDIM-14, PANCHTHAR |
| 3 | PLI1030001676(S) | RAJESH KATUWAL | FULBARI-08, KAVREPALANCHOK |
| 4 | PLI1110000598 | SURAJ SAPKOTA | RYALE-7, KAVREPALANCHOK |

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

सूचना प्रकाशन मिति २०८१/०८/०५

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६६६ मिति २०८०/११/२९ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको मिति २०८१/०७/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी लगायत जातका गोलिया थान १४११ को ९८२८.८७ क्यू.फि. काठ र साल जातको दाउरा २३ चट्टा, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी जातको दाउरा १० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १२:३० वजेभित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह
राप्ती सोनारी - २ बाँके



## भिमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाञ्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०८/०५

भिमसेनथापा गाउँपालिकाबाट मिति २०८१/०६/०८ मा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ र ४७ को प्रयोजनार्थ यस कार्यालयको मिति २०८१/०८/०४ को निर्णयानुसार सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ. कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | BTRM/NCB/WORKS-1-2081/82 | Construction of Administrative Building Area | राज हंस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा न.पा.-८, काठमाण्डौं | ३०,४७,५७६।५० |
| २. | BTRM/NCB/WORKS-2-2081/82 | Upgrading of Borlang Airibhanjyang Mahadevtar Road | रिभियन इन्जिनियरिङ्ग कन्सल्टेन्सी सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि., भरतपुर म.न.पा.-२१, चितवन | ८३,६२,२८२।५० |
| ३. | BTRM/NCB/WORKS-3-2081/82 | Upgrading of Bhimsenthapa Chakrapath Phase III | शिव निर्माण सेवा, गोरखा न.पा.-१०, गोरखा | १,८९,५२,६९०।४० |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# लम्बिरहेको समस्या

प्रधानमन्त्री केपी शर्मा ओलीलाई गम्भीर आरोप लगाएर कीर्ते भिडियो सार्वजनिक गरेको आरोपमा व्यावसायी दुर्गा प्रसाईं पक्राउ परेका छन् । भक्तपुरस्थित निवासबाट पक्राउ परेका प्रसाईंमाथि पटके अपराधको मुद्दा अगाडि बढाइएको प्रहरीले जनाएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले प्रसाईंविरूद्ध विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अनुसार अनुसन्धान गर्ने भएको छ । २ महिनाअघि पनि प्रसाईं पक्राउ परेका थिए । त्यसबेला एक महिलाको उजुरीका आधारमा पक्राउ परेका प्रसाईंलाई यस पटक प्रधानमन्त्री ओलीमाथि नै भ्रामक प्रचार गरेको आरोप लागेको छ । प्रसाईंले भिडियोमार्फत प्रधानमन्त्री ओलीलाई कम्बोडियामा ३१ करोड अमेरिकी डलर लगानी गरेको आरोप लगाएका थिए । यस क्रममा प्रधानमन्त्री ओलीको कीर्ते हस्ताक्षर तयार पारी कृत्रिम कागजात बनाएको आरोप प्रसाईंमाथि छ । सामाजिक संजालको दुरूपयोग गरी एउटै प्रकृतिको अपराध गरेको आरोपमा प्रसाईंविरूद्ध पटके मुद्दा अगाडि बढाउने सूचना प्रहरीले सार्वजनिक गरेको छ ।

केही समययता प्रधानमन्त्री ओलीविरूद्ध सामाजिक संजालमार्फत चर्को टिप्पणी गर्ने प्रसाईंको मुद्दा कसरी अगाडि बढ्छ भन्नेमा धेरैको चासो गएको देखिन्छ । खासरी नेकपा एमाले, ओली र नेपालका केही ब्यापारिक घरानाविरूद्ध चर्को आरोप लगाउँदै आएका प्रसाईंलाई यस पटक छुट्न सजिलो नहुने विश्लेषण पनि सुनिन्छ किनकि ओली स्वयं प्रधानमन्त्री छन् भने सत्ता गठबन्धन यो एजेन्डामा एकमत देखिन्छ । प्रसाईंको अभिव्यक्ति शैलीकै कारण राज्यको संस्थापन र सत्ताको दृष्टिकोण उनीप्रति सकारात्मक छैन । प्रसाईंविरूद्ध पटके अपराधको मुद्दा अगाडि बढाउने निर्णय हुनुलाई संस्थापन उनीप्रति सकारात्मक नरहेकै प्रमाणका रूपमा लिन सकिन्छ । सत्ता मात्र नभएर राज्यका अरू संस्थाहरू समेत प्रसाईंप्रति सकारात्मक रहेका देखिएन । नत्र कुनै व्यक्तिलाई अभिव्यक्तिकै कारण पक्राउ गरेर पटके मुद्दा अगाडि बढाउँदा बोलिदिने संस्थाहरू सुनिनुपर्ने हो तर त्यस्तो भएन ।

सामाजिक संजालमार्फत सामाजिक मर्यादा कायम नगरिएको भन्दै विद्युतीय कारोबार ऐनबमोजिम मुद्दा चल्न लागेको पहिलो व्यक्ति प्रसाईं होइन । प्रधानमन्त्रीमाथि नै गम्भीर आरोप लगाउने तहमा प्रसाईं पुगे पनि योभन्दा भिन्न कसूरमा थुप्रै मानिसविरूद्ध यस्ता मुद्दा चलाइएको छ । तर, सामाजिक संजालमार्फत हुने यस्ता घटना न्यूनीकरण हुन सकेको देखिँदैन बरू सामाजिक संजालमा चर्को स्वरमा बोलेकै कारण ठूलो मात्रामा समर्थन बटुल्ने प्रवृत्ति मौलाउँदो छ । सहकारी बचत रकम अपचलनको आरोपमा प्रहरी हिरासतमा रहेका रवि लामिछाने सामाजिक संजाल प्रयोगकै कारण राष्ट्रिय राजनीतिमा उदाएका पात्र हुन् । यस्ता थुप्रै पात्र छन्, जसको शक्ति भन्नु नै सामाजिक संजाल हो । सामाजिक संजालमार्फत कीर्ते कागज बनाएर प्रधानमन्त्रीविरूद्ध भ्रामक प्रचारको आरोपमै प्रसाईं पक्राउ परे । यस्ता समस्या आगामी दिनमा नदोहोरिने कुनै ग्यारेन्टी छैन किनकि सामाजिक संजाल रहेसम्म त्यसमार्फत हुने समस्या आइरहन्छ । यसको समाधान भनेको सामाजिक संजाल नियमन कानुन हो । त्यही कानुनमार्फत सामाजिक संजाल प्रयोगको नियमन गर्ने र समस्या न्यूनीकरणमा उत्प्रेरित गर्न सकिन्छ ।

# व्यापार असन्तुलन हटाउन समायोजित सन्धि

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

*सुख्खा बन्दरगाहको प्रयोगबाट नेपालको व्यापारघाटा कम हुनुपर्ने हो तर यो बन्दरगाह नेपालको आयात ढुवानीमा सीमित देखिएको छ । चल्ने अरू सुख्खा सीमित बन्दरगाह पनि यस्तै हुने हो कि !*

नेपालको भारतसँगको व्यापार र पारवहन सम्झौता छुट्टै भए पनि अवरोध र कठिनाइसहित नेपालको आफ्नो निर्यात व्यापार सन् २००१ पछि समुद्रपारबाट भारततर्फ मोडिन पुगेको छ । सन् २०२३ मा आउँदा पनि यस्तो स्थिति कायम नै छ ।

सन् २००९ मा व्यापार सम्झौता गरेको समयमा देखिएका समस्याहरू समाधान हुने अनुमान गरिएको थियो । तर, नयाँनयाँ अवरोध एवं कठिनाइ बढिरहेको अनुभव छ । दक्षिण एसियामा स्वतन्त्र व्यापारको अवधारण साफ्टाले गरेको भए पनि पूर्ण कार्यान्वयनमा आएको छैन । सन् २०१५ भित्र साफ्टा पूर्ण कार्यान्वयनमा आउने भनिए पनि सन् २०२३ मा पनि यसको पूर्ण कार्यान्वयनबाट फाइदा उठाउन सार्कका देशहरूले मौका पाएनन् ।

भारतसँगको व्यापार सम्झौताका कारण निकासी व्यापारको सम्भावना बढ्नुको साटो भारतीय उत्पादनहरूले नेपाली बजारमा ठाउँ ओगट्दा नेपालका उद्योगहरू थप समस्यामा पुगेका छन् । आधुनिक औद्योगीकरण सुरु भएको साढे ७ दशकभन्दा बढी भए पनि नेपालका निकासी वस्तुहरूमा गुणस्तरमा समस्या हुँदा नेपालको व्यापार असन्तुलनको सीमा उच्च भएको छ ।

अक्टोबर २००९ मा काठमाडौंमा हस्ताक्षरित नेपाल-भारत व्यापार सन्धि सन् २०१४ सम्म संचालनमा आएको थियो । पटकपटक नेपाल-भारत व्यापार तथा पारवहन सन्धि सुदृढीकरण गर्नेगरी काठमाडौं र नयाँ दिल्लीमा छलफल हुने गरेको छ । सन् २०२३ सम्म पनि विधिपूर्वक व्यापार र पारवहन सन्धि नवीकरण हुँदै आएको छ ।

जुनबेला नेपाल-भारत व्यापार सन्धिबारे किचलो उठेको छ, त्यसबेलाको किचलो व्यापार सन्धि नभई पारवहनसम्बन्धीको विषय हो । २०७२ सालको भारतीय नाकाबन्दीमा पनि पारवहन अवरोध तेर्सिएको थियो । यसर्थ, पारवहनसम्बन्धी कार्य गर्दा दीर्घकालीन पारवहन सन्धिको विचार गरिनुपर्छ । यद्यपि, समाधान गर्ने केही उपायका अन्तर ाष्ट्रिय र भूपरिवेष्ठित पारवहन सन्धि र सम्झौता सन्दर्भ छन् ।

नेपाल-भारत पारवहन सन्धिमा सन् २०२३ मा भएको सन्धि नवीकरण अझ पूर्ण छैन । उक्त सन्धिको नवीकरणमा पनि सुख्खा रेल सम्झौता अझ विस्तृतमा उल्लेख हुनुपर्थ्यो । यद्यपि, नेपाल-भारत रेल सम्झौता छुट्टै भइसकेको थियो । रक्सौल-सिर्सिया रेल सम्पर्क विस्तार भई संचालनमा आइसकेकाले अरू ५ वटा सुख्खा बन्दरगाह बन्दै गरेकाले त्यही परिप्रेक्ष्यमा नेपाल-भारत बृहत् पारवहन सन्धि गरिनुपर्छ ।



कोलकाता बन्दरगाह नेपालका लागि ज्यादै साँघुरो भएको जबाफ पटकपटक नेपालले उठाएपछि वैकल्पिक बन्दरगाहको सोच एवं प्रयोगका लागि आवश्यक वैकल्पिक प्रावधानसहित नेपाल-भारत पारवहन सन्धि गर्नुपर्नेमा नेपालले भारतको विशाखापटनको सुविधा प्राप्त गरेको छ । तर, यो उपयोगको अवस्थामा आउन संचालन मोडालिटी नभएर हो कि नियमित रूपमा संचालनमा देखिँदैन । तर, यो संचालनमा आएको छ ।

विशाखापटनको संचालनको अवस्था बाहिर आउनपर्ने हो । तैपनि, कोलकाता बन्दरगाह प्राकृतिक रूपमा नेपालका नदीहरूसँग समाहित भएकाले नेपालले नेपालको निर्यात वा आयात ढुवानी कोलकाता बन्दरगाहको प्रयोग नियमित नै गर्नुपर्ने यस पंक्तिकारको विचार छ । उदाहरणका लागि अफगानिस्तानले आफ्नो निर्यात ढुवानी पाकिस्तानको बन्दरगाह र आयात ढुवानी इरानको बन्दरगाहमार्फत गर्ने गर्छ । त्यस्तै, नेपालले पनि आयात गर्दा भारतको पूर्वी बन्दरगाहबाट गरी नेपालको निर्यात कोलकाता बन्दरगाहबाटै गरिनुपर्छ कि !

नेपालले भारतसँग काँकडभिट्टा-फूलबारी-बंगलाबन्धको पारवहन मार्ग प्रयोगमा सन् १९९७ देखि आइसकेको भए पनि यस पारवहन मार्गको सहज प्रयोगका लागि भारत-बंगलादेश सीमानाकामा अद्यापि पूर्वाधारको अभाव भएकाले सोको व्यवस्थाबारे सन् २०१३ मा भएको नेपाल-भारत पारवहन नवीकरण सन्धिमा नसमेटिनु दु:खको कुरा हो । यो सन् २०२३ को पारवहन नवीकरणमा पनि समेटिएन ।

सन् २०१३ मा र पछि नेपाल-भारत पारवहन सन्धि नवीकरणमा भारत र बंगलादेशबीचको चौडा गेजको रेलमार्गको प्रयोगबारे केही उल्लेख भएन । यद्यपि, यो रेलमार्ग नेपाललाई भारत र बंगलादेशले प्रयोग गर्न दिने निर्णय गरिसकेका छन् । यसमा पनि अब नेपाल-भारतबीच सहमति भइसकेको छ । सन् २०१६ मा पारवहन सन्धि नवीकरण गर्दा धेरै कुराको विचार गर्नुपर्ने भनिए पनि सन् २०२३ आउँदासम्म यसको केही पनि विषय उल्लेख छैन ।

नेपाल-भारत पारवहन सन्धि गर्नु अगाडि नेपालले वार्तालाप-एजेन्डाको पूर्वाभ्यास प्रशस्त गर्नुपर्छ । वार्तालापका आधारमा नेपालले नेपाल-भारत पारवहनबारे भारतसँग सौदाबाजी गर्नुपर्छ । भनिन्छ, नेपालको तर्फबाट गरिने सौदाबाजी कहिले पनि पुग्दैन ।

नेपालले १७ वटा देशसँग गरेको व्यापार सन्धिमा भारत र बंगलादेशसँग मात्र छुट्टै पारवहन सन्धिको प्रावधान छ । नेपाल र बंगलादेशबीच सन् १९७६ मा पारवहन प्रावधान समेटिएको व्यापार सन्धि भएको थियो । सन्धिमा उल्लेख भएबमोजिम बंगलादेशले नेपाललाई ६ वटा पारवहन बिन्दुहरू प्रदान गरेको देखिन्छ । तर, प्रयोग के कस्तो छ ? यसमा नेपाल-भारत पारवहन सन्धिले असर गरेको त होइन ? त्यसको अतिरिक्त बंगलादेशले नेपाललाई पारवहन गरिने वस्तुका लागि गोदाम भण्डार, पारवहन ओत वा सेड र बन्दरगाह प्रदान गरेको उक्त सन्धिमा देखापर्छ । तर, त्यसको उपयोग खोइ त ?

ल्हासालाई मुख्य चीनसँग रेलमार्गले जोडिइसकेको र सन् २०२० अघि सिगात्सेमा रेल आएको र सिगात्से-केरुङ रेल सन् २०२० मा आउने भनिए पनि सन् २०२४ मा पनि सो काम भएको छैन । यसो हेर्दा चिनियाँ पनि हावादारी रहेछन् कि ? अझै नजोडिए पनि भविष्यमा सिगात्से-केरुङसँग रेल जोडिए भनिए पनि २०७२ सालपछि नेपाल-चीन व्यापार तथा यातायात सन्धिमा भएको प्रावधानमा अझ पारवहन प्रावधान रहनेगरी नेपाल-चीन व्यापार तथा पारवहन सन्धि भएको छ ।

नेपाल-भारत व्यापार सन्धिपश्चात् वा सन् २००९ पछिको २० वर्षको अवधिमा अर्थात् नेपाल र भारतको व्यापार सन्धि दोस्रो नवीकरण अवधिमा पनि नेपाल-भारतबीचको व्यापार नेपालको विपक्षमा रहेको थिएन । नेपालको उत्पादन भारतीय प्रवेशका लागि खुलापन भनिए पनि नेपाली उत्पादनहरू अत्यधिक रूपमा बढ्न वा व्यापारघाटा घटाउन नेपालका उत्पादन भारतमा निर्यात बढ्न सकेको छैन, किन त ?

अन्तर्राष्ट्रिय व्यापार-पारवहन सामान्य प्रक्रियाविपरीत नेपाल र भारतबीचको सन्धिको प्रावधानले नेपाललाई पारवहन क्षेत्रको होस्, वस्तुको क्षेत्रको होस् वा व्यापार क्षेत्रमा होस्, सधैँ भारतमै निर्भर रहनुपर्ने अवस्था रहन भौगोलिक अवस्थितिले बाध्य गराएको छ । बेलाबेलामा नेपाल र नेपालको दक्षिणी छिमेकी देशका सरकारबीच नेपालले तेस्रो देशबाट कोलकाता बन्दरगाहको बाटो भई मालसामान ओहोरदोहोर गर्दा पर्न आएका कठिनाइहरूका विषयमा पारवहन सन्धि सन् २०१४ को नवीकरणमा पारवहनको दीर्घकालीन पक्षमा मौन रहेको थियो ।

नेपाललाई अझ सरल पारवहन सुविधा प्राप्त गर्न पारवहन सन्धि नवीकरण गरिने समय अवधिअघि अर्थात् सन् २०२० अगाडि नै पूर्वाभ्यास गर्नुपर्छ भनिए पनि सन् २०२३ आउँदा पनि सफल व्यापार तथा पारवहन सन्धि हुन सकेको छैन । नेपालको एक देशसँग मात्र पारवहन मार्गमा निर्भर अवस्थालाई वैकल्पिक मार्गको अवस्था सोच्नु आवश्यक भएकाले २०७२ सालको भारतीय नाकाबन्दीपश्चात् चीनसँग पनि व्यापार तथा यातायात सन्धि भएको छ । तर, यसको प्रयोग हुन अझ धेरै वर्ष लाग्नेछ ।

नेपाल र बंगलादेशमा सम्झौताअघि पनि सन् २०२३ मा राधिकापुर हुँदै बंगलादेश पुग्ने बाटो नेपाललाई मिलेको थियो । तर, नियमित भने हुन सकेन । तर, यस्तो अनुभव फूलबारी पारवहन मार्गमा बेहोर्न नपरे पनि फूलबारी पारवहन मार्गको प्रयोगमा सुविधाचाहिँ पक्कै छैन् । अब नेपालले भारत-बंगलादेशबीचको चौडा गेजको रेलमार्गको प्रयोगबाट काँकडभिट्टा-फूलबारी-बंगलादेश पारवहन नाकाको प्रयोगको माग राखेको छ र यो प्राप्त पनि भइसकेको छ । केवल नेपाल-भारत पारवहन सन्धिमा मुखरित गरिनुपर्छ । तर, यो उपयोगका लागि नेपाल-भारत सहमत भइसकेका छन् ।

नेपालको भारततर्फको निकासी परिमाणमा अर्थात् स्थिर मूल्यमा बढेको छ तर व्यापारघाटा अद्यापि छ । नेपालको कुल निकासीमा भारतको हिस्सा ६७ प्रतिशत छ । नेपाल-भारत व्यापारको हकमा नयाँ आयाम भएकोमा वीरगन्ज सुख्खा बन्दरगाहको संचालन नै हो । भारतको सहयोगमा सुख्खा बन्दरगाहको रेल संजालबाट जोडिएको कारण नेपालको पारवहन खर्चमा ठूलो कटौती हुने अर्थात् १ अर्ब २० करोड रुपैयाँजतिको बचत हुने भनिए पनि त्यो हुन सकेको छ वा छैन ? सुख्खा बन्दरगाहको प्रयोगबाट नेपालको व्यापारघाटा कम हुनुपर्ने हो तर यो बन्दरगाह नेपालको आयात ढुवानीमा सीमित देखिएको छ । चल्ने अरू सुख्खा सीमित बन्दरगाह पनि यस्तै हुने हो कि !

नेपाल बिमस्टेक, साफ्टा र विश्व व्यापार संगठनको सदस्य भइसकेकाले वर्तमान विश्वको प्रतिस्पर्धी र उदार आर्थिक व्यवस्थामा भारतसँगको पाठ हुन सक्छ । छिमेकी देश भारत विश्वमा चीनपछि द्रुत गतिमा आर्थिक वृद्धि हासिल गर्ने राष्ट्रहरूको सूचीमा रहेको छ । ८ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि दर र १० प्रतिशतको औद्योगिक वृद्धि दर विगतमा हासिल गरेको भारतले सन् २०३२ सम्म कुल गार्हस्थ्य उत्पादनमा जापानलाई पनि उछिन्न सक्ने सम्भावना छ । सन् १९९१ पछिको भारतको उदारीकरण नीति सार्थक बन्न आएको छ । छिमेकी देशहरूबाट यस्तो पाठ नेपालले सिक्न अबेर भइसकेको छ । नेपालले पनि सन् १९९२ पछि उदारीकरण गरेकै थियो तर, कहाँ पुग्यौं त ?

***(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुन् ।)***

## सामाजिक सञ्जाल



**- सूर्यराज आचार्य**

नेपालको पूर्वाधार विकासको समस्या ऋण या 'ऋणको पासो' हैन । मूल समस्या योजनाबिनाका आयोजना हो ।अर्को समस्या आयोजना कार्यान्वयन थेग्नै नसकिनेगरी बोझिलो बनाउने मूलत: बहुपक्षीय (एडीबी वर्ल्ड) र पश्चिमा दाताको स्वार्थ/कार्यशैली । नेपालको स्वार्थमा नयाँ प्रणाली विकासमा बीआरआई सहयोगी हुन सक्छ ।



**- विश्वरसिंह मेवाहाङ**

ऋरू कुरा छाड्नुस् !
राजा वीरेन्द्र र रानी ऐश्वर्यको नाममा देश विदेशमा खर्बौं सम्पत्ति छ । राजतन्त्र फालेर गणतन्त्र ल्याइयो भने त्यो सम्पत्ति राष्ट्रियकरण गरेर १० वर्षमै देशलाई एसियाको सबभन्दा धनी देश बनाउन सकिन्छ भन्ने नेताहरू मरेका छैनन् । त्यो सम्पत्ति पत्ता लाग्यो कि लाग्न बाँकी छ ?



**- हरि रोका**

बहुदल पुनर्स्थापनापछि लाभको पदमा पुगेका नेतृत्वगणले राजनीतिका सबै मूल्य मान्यता तोडेर व्यापार गरे । राज्य बलियो हुँदा व्यापारमा इमान जमान बलियो हुन्छ तर सत्ताधारी जब नाफामा लाग्छन् 'नाक-कान' दुवै गुमाउँछन् । त्यसै भनिएको होइन- सिद्धान्तहीन राजनीतिमा कुनै संस्कार र सांस्कृतिक मूल्य हुन्न ।



**- डम्बर खतिवडा**

दुर्गा प्रसाईंहरूलाई जेल हालेर समस्याको समाधान हुँदैन कांक (कांग्रेस-कम्युनिस्ट) मित्रहरू ! बरु झन चर्किन्छ । यस्तो प्रवृत्ति उत्पादन हुने कारखाना नै बन्द हुनुपर्छ । दुर्गा प्रसाईंहरू मूलत: मार्सी भात कारखानाका उत्पादन हुन् र यो कारखाना कसले खोलेको थियो, सबैले राम्रो सम्झना गर्नु ।

# रेकर्ड ब्रेक गर्ने चलचित्र 'पूर्णबहादुरको सारंगी'

पाठकपत्र



● नरेन्द्रमान श्रेष्ठ

*एकै दिन ३, ३ वटा चलचित्रहरू प्रदर्शन भएपनि चलचित्रहरूले राम्रो व्यापार गरेका छन् । त्यसो त चलचित्र पूर्ण बहादुरको सारंगीले बिग बजेटको बलिउड चलचित्र सिंघम एगेनलाई पनि माथ दिएको भन्ने पनि चर्चा छ ।*



तिहारको अवसरमा पारेर प्रदर्शन गरेको चलचित्र 'पूर्ण बहादुरको सारंगी'ले व्यापारमा रेकर्ड ब्रेक गरेको छ । नेपालको चलचित्रको इतिहासमा अहिलेसम्मको सर्वाधिक व्यापार गरेको चलचित्र बन्न सफल भएको छ 'पूर्णबहादुरको सारंगी ।'

यसभन्दा पहिले चलचित्र 'कबड्डी कबड्डी ४' सर्वाधिक व्यापार गर्ने चलचित्र बनेको थियो । चलचित्र 'पूर्णबहादुरको सारंगी'ले दीपकराज गिरि र दीपाश्री निरौलाको ब्रान्डेड चलचित्र 'छक्का पञ्जा'लाईसमेत पछाडि पारेको छ । चाडबाडमा चलचित्र प्रदर्शन गर्दा व्यापार बढी हुने गरेको बताउँछन् चलचित्रकर्मीहरू । यस कारणले पनि कलिउड होस् या बलिउडका चलचित्र निर्माता, चाडबाड पारेर आफ्नो चलचित्र प्रदर्शन गर्न मनपराउँछन् ।

चलचित्र राम्रो र स्तरीय हुँदा प्रदर्शनका लागि दसैं र तिहार कुर्नु नपर्ने कतिपयको भनाइ छ । तर पनि केही चलचित्रका निर्माताहरूले भने चाडबाडमा नै चलचित्र प्रदर्शन गर्ने गरिरहेका छन् । यसपालिको दसैं र तिहारको आसपासमा मात्र ५ वटा नेपाली चलचित्रहरू प्रदर्शन भएका छन् ।

दसैं र तिहारको अवधिबाट 'मेघौली फ्रम बेहुली', 'छक्का पञ्जा- ५', '१२ गाउँ', 'ज्वाइँ साहेब', 'पूर्णबहादुरको सारंगी' प्रदर्शनमा आएका थिए । यी ५ वटा चलचित्रहरूले राम्रो व्यापार गरेका देखिन्छ । चलचित्र 'पूर्णबहादुरको सारंगी'ले भने चलचित्र क्षेत्रमा रेर्कड नै ब्रेक गरेको भन्ने जानकारहरूको भनाइ छ । यस चलचित्रले दीपक र दीपाको ब्रान्डेड चलचित्र 'छक्का पञ्जा'लाई नै ओझेलमा पार्‍यो भन्दा पनि फरक नपर्ला ।

'पूर्णबहादुरको सारंगी'ले नेपालमा एकै दिन ३८० शोसम्म पाएको भन्ने चर्चा छ । यो अहिलेसम्मको रेकर्ड भएको सरोकारवालाहरू बताउँछन् । कतिपयले धेरै वर्षपछि सिनेमा हलमा ब्ल्याकबाट टिकट बिक्री भएको भन्ने पनि चर्चा गरेका छन् । यस चलचित्रले चलचित्र चलाउन सानो बजेट र बिनास्टारकास्ट पनि चलचित्र हिट हुन सक्छ भन्ने प्रमाण दिएको छ ।

चलचित्र क्षेत्रमा विभिन्न विवादहरू देखिने विषय भने अहिले नौलो भने होइन । चलचित्र क्षेत्रमा समयसमयमा विवाद हुने गरिरहेको पाइन्छ । कतिपय जानकारहरूले नेपाली चलचित्र क्षेत्रले नयाँ ट्रेन्ड समातेको समेत भनाइ राखेका पाइन्छ । अहिलेसम्मको चलचित्रको व्यापारलाई हेर्ने हो भने यो वर्ष कलिउड चलचित्र क्षेत्रका लागि शुभ हुने देखिन्छ ।

एकै दिन ३/३ वटा चलचित्रहरू प्रदर्शन भए पनि चलचित्रहरूले राम्रो व्यापार गरेका छन् । त्यसो त चलचित्र 'पूर्णबहादुरको सारंगी'ले बिग बजेटको बलिउड चलचित्र 'सिंघम अगेन'लाई पनि माथ दिएको भन्ने पनि चर्चा छ ।

## तपाईंको राशिफल

- मेष : आकस्मिक धनलाभको योग छ, विरोधी सक्रिय रहन्छन् ।
- वृष : यश र पराक्रम बढनेछ, सम्बन्धहरूमा मधुरता आउँछ ।
- मिथुन : अनावश्यक जिम्मेवारीले तनाव दिन्छ, स्वास्थ्य राम्रो रहनेछ ।
- कर्कट : मुकदमा सम्बन्धी समस्याको योग छ, स्वास्थ्य राम्रो रहनेछ ।
- सिंह : जग्गा सम्बन्धी कार्यमा प्रगति हुन्छ, वाणी संयम राख्नुहोला ।
- कन्या : नातागोता सित भेटघाट हुनेछ, वाणी संयम राख्नुहोला ।
- तुला : सबै कार्य सफल हुन्छ, पदमा वृद्धि हुनेछ ।
- वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ, सामाजिक जीवन प्रभावशाली हुन्छ ।
- धनु : नयाँ काम बन्नुका साथै बाहीरी सम्बन्ध राम्रो रहन्छ ।
- मकर : प्रयास सफल हुनुका साथै धन आर्जन हुने योग छ ।
- कुम्भ : स्वास्थ्य गडबड हुनसक्ने तथा चिन्तामा वृद्धि होला ।
- मीन : शिक्षा सम्बन्धी कार्यमा रोकावट आउँछ साथै अनावश्यक खर्च होला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पुटिनद्वारा नयाँ रुसी आणविक सिद्धान्तमा हस्ताक्षर



**काठमाडौं/एजेन्सी–** राष्ट्रपति भ्लादिमिर पुटिनले मंगलबार एक संशोधित आणविक सिद्धान्तमा हस्ताक्षर गर्दै आणविक शक्तिद्वारा समर्थित कुनै पनि राष्ट्रले रुसमाथि गरेको परम्परागत आक्रमणलाई उनको देशमाथि संयुक्त आक्रमण मानिने घोषणा गरेका छन् ।

पुटिनको नयाँ आणविक प्रतिरोध नीतिको समर्थन सन् २०२२ फेब्रुअरी २४ मा उनले युक्रेनमा सैनिक पठाएको एक हजारौं दिनमा आएको छ । यो अमेरिकी राष्ट्रपति जो बाइडेनको युक्रेनलाई अमेरिकी-आपूर्ति गरिएका लामो दुरीका क्षेप्यास्त्रहरूले रुसभित्रका लक्ष्यहरूमा आक्रमण गर्न दिने निर्णयपछि आएको हो ।

रुसमा कुनै पनि ठूलो हवाई आक्रमणले आणविक प्रतिक्रियालाई ट्रिगर गर्न सक्छ भन्ने सिद्धान्तमा हस्ताक्षर गर्दा मस्कोले युक्रेनमा सुस्त गतिमा आक्रमण गरिरहेको बेला पश्चिमलाई पछाडि हट्न बाध्य पार्न देशको आणविक हतियार प्रयोग गर्न पुटिनको तयारीलाई देखाउँछ ।

बाइडेनको निर्णयपछि जानाजानी अद्यावधिक गरिएको सिद्धान्त जारी गरिएको हो कि भनेर सोधिएको प्रश्नमा क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले उक्त दस्तावेज 'समयमै' प्रकाशित भएको र पुटिनले सरकारलाई यस वर्षको सुरुमा यसलाई 'वर्तमान स्थितिअनुरूप' बनाउन निर्देशन दिएको बताए ।

पुटिनले सेप्टेम्बरमा प्रस्तावित संशोधनहरू छलफल गर्ने बैठकको अध्यक्षता गर्दा आणविक सिद्धान्तमा परिवर्तनहरूको पहिलो घोषणा गरेका थिए । युक्रेनलाई पश्चिमी-आपूर्ति गरिएका लामो दुरीका हतियारहरू रुसी क्षेत्रमा प्रहार गर्न दिनुको अर्थ रुस र नाटो युद्धमा छन् भन्ने हुनेछ भन्दै पुटिनले पहिले नै अमेरिका र अन्य नाटो सहयोगीहरूलाई चेतावनी दिएका थिए ।

'आणविक शक्तिको सहभागिता वा समर्थन' भएको गैर-आणविक शक्तिद्वारा रुसविरुद्धको आक्रमणलाई उनीहरूको 'रुसी संघमाथि संयुक्त आक्रमण'का रूपमा हेरिने अद्यावधिक गरिएको सिद्धान्तमा भनिएको छ ।

सिद्धान्तले रुस र यसको सहयोगी बेलारुसको 'सार्वभौमिकता र क्षेत्रीय अखण्डताका लागि महत्वपूर्ण खतरा' उत्पन्न गर्ने आणविक आक्रमण वा परम्परागत आक्रमणको प्रतिक्रियामा रुसले आणविक हतियारहरू प्रयोग गर्नसक्ने जोड दिन्छ । यो व्याख्याका लागि व्यापक स्थान छोड्ने अस्पष्ट सूत्रीकरण हो ।

यस्तो आक्रमणले आणविक प्रतिक्रियालाई आवश्यक रूपमा ट्रिगर गर्नेछ कि भनेर यसले निर्दिष्ट गर्दैन । यसले आणविक प्रतिरोधका प्रमुख सिद्धान्तहरूमध्ये 'आणविक प्रतिरोधको सम्भावित प्रयोगको मापन, समय र स्थानको अनिश्चितता' उल्लेख गर्दछ ।

सैन्य गठबन्धन वा गठबन्धनको सदस्यद्वारा रुसविरुद्धको आक्रमणलाई 'सम्पूर्ण ब्लकद्वारा आक्रमण'का रूपमा हेरिने पनि दस्तावेजमा उल्लेख गरिएको छ । यो नाटोलाई स्पष्ट सन्दर्भ हो । साथै उनीहरूले ब्यालेस्टिक र क्रुज मिसाइल, विमान, ड्रोन र अन्य उडान वाहनहरू समावेश भएको ठूलो हवाई आक्रमणको स्थितिमा प्रयोग गर्न सकिने उल्लेख गर्दै यसले सिद्धान्तका पहिलेका संस्करणहरूको तुलनामा अधिक विस्तृत रूपमा आणविक हतियारहरू प्रयोग गर्ने अवस्थाहरू उल्लेख गर्छ ।

विस्तृत सूत्रले कागजातको अघिल्लो संस्करणको तुलनामा सम्भावित आणविक हतियार प्रयोगका लागि ट्रिगरहरूलाई उल्लेखनीय रूपमा फराकिलो बनाएको देखिन्छ । यसले ब्यालेस्टिक मिसाइलले आक्रमण गरेमा रुसले आफ्नो आणविक हतियारहरू प्रयोग गर्नसक्ने बताएको छ । ३० वर्षभन्दा बढी समयदेखि बेलारुसमा कठोर शासन गरेका राष्ट्रपति अलेक्जेन्डर लुकाशेन्को रुसी अनुदान र समर्थनमा भर परेका छन् । उनले रुसलाई युक्रेनमा सैनिक पठाउन र केही रणनीतिक आणविक हतियार तैनाथ गर्न आफ्नो देशको भूभाग प्रयोग गर्न अनुमति दिएका छन् ।

पुटिनले युक्रेनमा सैनिक पठाएयता उनी र अन्य रुसी आवाजहरूले किएभलाई समर्थन बढाउनबाट रोक्न पश्चिमलाई रुसको आणविक भण्डारको बारम्बार धम्की दिएका छन् । अघिल्लो संस्करणले पश्चिमलाई युक्रेनलाई सहयोग बढाउनबाट रोक्न असफल भएको र मस्कोले आणविक हतियारको सहारा लिने छैन भन्ने धारणा सिर्जना गरेको तर्क गर्दै रुसी बाजहरूले महिनौंदेखि यो सिद्धान्तलाई कडा बनाउन आह्वान गर्दै आएका छन् ।

# लेबनानमा २ महिनाभन्दा कम समयमा २०० बढी बालबालिकाको मृत्यु



**काठमाडौं/एजेन्सी–** इजरायलले हिजबुल्लाहलाई लक्षित गरी लेबनानमा गरेको आक्रमणमा २ महिनाभन्दा कम समयमा २०० भन्दा बढी बालबालिकाको मृत्यु भएको संयुक्त राष्ट्रसंघले मंगलबार जनाएको छ ।

यो कहाली लाग्दो घटनाले चिन्ताजनक अवस्था देखा परेको जनाउँदै राष्ट्रसंघीय बाल एजेन्सी युनिसेफका प्रवक्ता जेम्स एल्डरले बालबालीकाको मृत्यु र हिंसा रोक्न अत्यावश्यक रहेको बताएका छन् ।

उनका अनुसार लेबनानमा पछिल्लो २ महिनामा हरेक दिन औसतमा ३ जना बालबालिकाको मृत्यु भएको छ भने १ हजार १०० बढी बालबालिका घाइते भएका छन् । हिज्बुल्लाहले गत वर्षको अक्टोबरमा गाजामा प्यालेस्टिनी उग्रवादी समूह हमासको समर्थनमा इजरायलमा रकेट प्रहार गर्न थालेको थियो ।

गत सेप्टेम्बरदेखि इजरायलले लेबनानमा हिजबुल्लाहको गढलाई लक्षित गर्दै व्यापक अभियान सञ्चालन गरेको छ, यद्यपि केही आक्रमणले इरान समर्थित समूहको नियन्त्रण बाहिरका क्षेत्रहरूमा प्रहार गरेका छन् ।

इजरायलमा हिजबुल्लाहको आक्रमणबाट झडप सुरु भएदेखि लेबनानमा ३ हजार ५०१ जना भन्दा बढी मानिसको मृत्यु भएको छ ।

गत वर्षको अक्टोबरमा गाजामा युद्ध सुरु भएदेखि लेबनानमा कम्तीमा २३१ बालबालिकाको मृत्यु भएको एल्डरले बताएका छन् ।

लेबनानमा पनि गाजामा जस्तै डरलाग्दो बालबालिकाको नरसंहार चलिरहेको बताउँदै उनले घरबारविहीन भएका लाखौं बालबालिकाहरू आधारभुत पूर्वाधार तथा चिकित्सा सुविधा अभावमा रहेको बताएका छन् ।

लेबनानी अधिकारीहरूका अनुसार नोभेम्बर १५ देखि २०० भन्दा बढी स्वास्थ्य कर्मचारीहरूको मृत्यु भएको छ भने ३०० भन्दा बढी घाइते भएका छन् ।

## फिक्कल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खाङ्साङ, सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८१/०८/०५)**

यस कार्यालय बाट मिति २०८१/०६/०९ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार अनलाईन मार्फत दर्ता हुन् आएका बोलपत्रहरु मध्य तपशिल अनुसारको कार्यको लागि तपशिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङकीत सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट भएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | FRM/Sindhuli/Works/NCB/05/081-82 | झगरे लिफ्ट सिचाई तथा नदी नियन्त्रण फिक्कल-५ | Himani/Kabya Construction Sewa, Kamalamai, Sindhuli | रु. १,२८,१२,२७६.५२/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

### कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालो सूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/०८/०५**

यस वित्तीय संस्थाको केन्द्रिय तथा शाखा कार्यालयहरुबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरूले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पुर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल-अचल सम्पत्ति, ऋण लिदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तीबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपशिलः**

#### १. ऋणीको विवरण

**ऋणीको नाम : रामध्यान प्रसाद यादव**
बाबु : भगीरथ राउत अहिर
बाजे : हरि राउत अहिर
ना.प्र.नं. : ६०६/०८५०, जारी मिति : २०२८/०३/१४, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमाला नगर/गाउँ पञ्चायत वडा नं. ४ ।
हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं. ८ ।
**कर्जाको प्रकार : सानो सजीलो कर्जा**

**ऋणीको नाम : उमेश कुमार यादव**
बाबु : रामध्यान प्रसाद यादव
बाजे : भगीरथ राउत अहिर
ना.प्र.नं. : २११०/२८९८
जारी मिति : २०६१/०७/०९, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमाला उ.म.न.पा/गा.वि.स. वडा नं. ४ ।
हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं. ८ ।

**व्यक्तिगत जमानिकर्ता : मंजु यादव**
ससुरा : बाबुराम प्रसाद यादव
पती : उमेश कुमार यादव
ना.प्र.नं. : ३३१०६५/६९३८
जारी मिति : २०६५/०३/२३, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमाला गा.वि.स. वडा नं. ४ ।
हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं. ८ ।

**व्यक्तिगत जमानिकर्ता : सुरसतिया देवी यादव**
ससुरा : भगीरथ राउत अहिर
पतीः रामध्यान प्र. यादव
ना.प्र.नं : ६२०/०८७८
जारी मिति : २०४५/०१/२४, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमाला नगर/गाउँ पञ्चायत वडा नं. ४ ।
हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं. ८ ।

**व्यक्तिगत जमानिकर्ता : रमेश प्रसाद यादव**
बाबु : रामध्यान प्रसाद यादव
बाजे : भगीरथ राउत अहिर
ना.प्र.नं. : १२/१४३३२, जारी मिति : २०५४/११/०३, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमाला उ.म.न.पा/गा.वि.स वडा नं. ४ ।
हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं. ८ ।

#### २. ऋणीको विवरण

**ऋणीको नाम : मंजु यादव**
ससुरा : बाबुराम प्रसाद यादव
पती : उमेश कुमार यादव
ना.प्र.नं. : ३३१०६५/६९३८, जारी मिति : २०६५/०३/२३, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमाला गा.वि.स. वडा नं. ४ । हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं ८ ।
**कर्जाको प्रकार : आवाश कर्जा**

**व्यक्तिगत जमानिकर्ता : उमेश कुमार यादव**
बाबु : रामध्यान प्रसाद यादव
बाजे : भगीरथ राउत अहिर
ना.प्र.नं. : २११०/२८९८
जारी मिति : २०६१/०७/०९, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमाला उ.म.न.पा/गा.वि.स. वडा नं. ४ ।
हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं. ८ ।

**व्यक्तिगत जमानिकर्ता : रमेश प्रसाद यादव**
बाबु : रामध्यान प्रसाद यादव
बाजे : भगीरथ राउत अहिर
ना.प्र.नं. : १२/१४३३२
जारी मिति : २०५४/११/०३, जि.प्र.का. : बारा
ठेगाना : बारा जिल्ला लिपनिमालाउ.म.न.पा/गा.वि.स. वडा नं ४ ।
हाल : पर्सा जिल्ला विरगञ्ज म.न.पा. वडा नं. ८ ।

#### ३. ऋणीको विवरण

**ऋणीको नाम : अफताव आलम रगरेज**
बाबु : महमद अलि रगरेज
बाजे : अब्दुल गनिफ रगरेज
ना.प्र.नं. : १६०३२३७९९
जारी मिति : २०५४/०७/१२, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगंज उ.म.न.पा वडा नं. ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं. ६ ।
**कर्जाको प्रकार : सानो सजिलो कर्जा**

**व्यक्तिगत जमानिकर्ता : महमद अलि रगरेज**
बाबु : अब्दुल गनिफ रगरेज
बाजे : अव्दुल हकिम
ना.प्र.नं. : १६०३०५५५०
जारी मिति : २०३५/०४/०८, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगन्ज उ.म.न.पा. वडा नं.८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं ६ ।

**व्यक्तिगत जमानिकर्ता : कनिजा वेगम**
बाबु : शेष फजल हक
पती : महम्मद अलि
ना.प्र.नं. : १६०३१९५१०(ख)
जारी मिति : २०४६/०३/२२, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगंज नगर/गाउ पञ्चायत वडा नं ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज म.न.पा. वडा नं ६ ।

**व्यक्तिगत जमानिकर्ता : नजमा खातुन**
बाबु : महमद मुस्तुफा रंगरेज
पती : अफताव आलम रंगरेज
ना.प्र.नं. : ३४१०२२/१०५६५
जारी मिति : २०६७/०६/०, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगंज गा.वि.स/उ.म.न.पा. वडा नं. ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं ६ ।

**व्यक्तिगत जमानिकर्ता : रेयाज अली**
बाबु : महमद अलि रंगरेज
बाजे : अव्दुल गनिफ रंगरेज
ना.प्र.नं. : १६०३३२९१९
जारी मिति : २०६१/१०/०६, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला विरगंज उ.म.न.पा. वडा नं. ८ ।
हाल : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ ।

**व्यक्तिगत जमानिकर्ता : सलमा खातुन**
बाबु : महमद मुस्तुफा रंगरेज
पती : रेयाज अली
ना.प्र.नं. : ३४१०२२/३५८७
जारी मिति : २०६५/०३/०३, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला विरगंज गा.वि.स/उ.म.न.पा. वडा नं. १९ ।
हाल : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ ।

**व्यक्तिगत जमानिकर्ता : साहील अली**
बाबु : महमद अलि रंगरेज
बाजे : अव्दुल गनिफ रंगरेज
ना.प्र.नं. : ३४-०१-७३-०४९२७
जारी मिति : २०७३/०४/१९, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगन्ज उ.म.न.पा. वडा नं. ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता : सेराज अली**
बाबु : महमद अली रंगरेज
बाजे : अव्दुल गनिफ रंगरेज
ना.प्र.नं. : ३४१०२२/१०५००
जारी मिति : २०६७/०६/०५, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगंज गा.वि.स/उ.म.न.पा. वडा नं. ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं. ६ ।

#### ४. ऋणीको विवरण

**ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा मिति २०७४/११/२७ गते, प्रा.फ.र.नं. १३३८/०७४/०७५ भई, स्थायी लेखा नं. ६०७६१८९७२ भई चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु नयन अप्टिकल । (प्रोप्राइटर : रेयाज अली)**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**

**प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : रेयाज अली**
बाबु : महमद अलि रंगरेज
बाजे : अव्दुल गनिफ रंगरेज
ना.प्र.नं. : १६०३३२९१९
जारी मिति : २०६१/१०/०६, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला विरगंज उ.म.न.पा. वडा नं. ८ ।
हाल : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ ।

**व्यक्तिगत जमानिकर्ता : सलमा खातुन**
बाबु : महमद मुस्तुफा रंगरेज
पती : रेयाज अली
ना.प्र.नं. : ३४१०२२/३५८७
जारी मिति : २०६५/०३/०३, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला विरगंज गा.वि.स/उ.म.न.पा. वडा नं. १९ ।
हाल : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ ।

**व्यक्तिगत जमानिकर्ता : साहील अली**
बाबु : महमद अलि रंगरेज
बाजे : अव्दुल गनिफ रंगरेज
ना.प्र.नं. : ३४-०१-७३-०४९२७
जारी मिति : २०७३/०४/१९, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगन्ज उ.म.न.पा. वडा नं. ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता :अफताव आलम रगरेज**
बाबु : महमद अलि रगरेज
बाजे : अव्दुल गनिफ रंगरेज
ना.प्र.नं. : १६०३२३७९९
जारी मिति : २०५४/०७/१२, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगंज उ.म.न.पा. वडा नं. ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता : कनिजा वेगम**
बाबु : शेष फजल हक
पती : महम्मद अलि
ना.प्र.नं. : १६०३१९५१०(ख)
जारी मिति : २०४६/०३/२२, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगंज नगर/गाउ पञ्चायत वडा नं. ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता : महमद अलि रगरेज**
बाबु : अब्दुल गनिफ रगरेज
बाजे : अव्दुल हकिम
ना.प्र.नं. : १६०३०५५५०
जारी मिति : २०३५/०४/०८, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगन्ज उ.म.न.पा. वडा नं ८ ।
हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं ६ ।

**व्यक्तिगत जमानिकर्ता : सेराज अली**
बाबु : महमद अली रंगरेज
बाजे : अव्दुल गनिफ रंगरेज
ना.प्र.नं. : ३४१०२२/१०५००, जारी मिति : २०६७/०६/०५, जि.प्र.का : पर्सा
ठेगाना : पर्सा जिल्ला वीरगंज गा.वि.स/उ.म.न.पा. वडा नं.८ । हाल : पर्सा जिल्ला वीरगन्ज मा.न.पा. वडा नं. ६ ।

#### ५. ऋणीको विवरण

**ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार को कार्यालय, त्रिपुरेश्व, काठमाण्डौमा मिति २०७७/१०/२८ गते, दर्ता .नं. २५५५१६/०७७/०७८ भई, स्थायी लेखा नं. ६०९९३२४६७ भई चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **चितवन मदर नेचर्स रिसोर्ट प्रा.ली । (सञ्चालक : विकल दाहाल)**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**

**(सञ्चालक/व्यक्तिगत जमानिकर्ता : विकल दाहाल**
बाबु : वलराम दाहाल
बाजे : टंक प्रसाद दाहाल
ना.प्र.नं. : ३५१००७/२१
जारी मिति : २०६७/०२/२६, जि.प्र.का. : चितवन
ठेगाना : चितवन जिल्ला वछौली गा.वि.स/उ.म.न.पा वडा नं. २ ।
हाल : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता : वलराम दाहाल**
बाबु : टंक प्रसाद दाहाल
बाजे : मणीरत्न दाहाल
ना.प्र.नं. : १८२८/६५१४
जारी मिति : २०३९/१२/०९, जि.प्र.का. : चितवन
ठेगाना : चितवन जिल्ला वछ्यौली नगर/गाउँ पञ्चायत वडा नं. २ ।
हाल : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता : माला दाहाल**
बाबु : देवी प्रसाद दाहाल
पती : वलराम दाहाल
ना.प्र.नं. : १३००
जारी मिति : २०४७/०५/०९, जि.प्र.का : चितवन
ठेगाना : चितवन जिल्ला वछ्यौली नगर/गाउँ पञ्चायत वडा नं. २ ।
हाल : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ६ ।

#### ६. ऋणीको विवरण

**ऋणीको नाम : नानु अधिकारी**
बाबु : जिवन थापा
पती : कुमार अधिकारी
ना.प्र.नं : २९८८१
जारी मिति : २०६३/०१/२७, जि.प्र.का. : भक्तपुर
ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. गा.वि.स/ उ.म.न.पा. वडा नं. ७ को परिवर्तित म.थि.न.पा. वडा नं ६ ।
**कर्जाको प्रकार : आवास कर्जा**

**व्यक्तिगत जमानिकर्ता : कुमार अधिकारी**
बाबु : कान्छा अधिकारी
बाजे : खड्क बहादुर अधिकारी
ना.प्र.नं. : ११/१३१४
जारी मिति : २०५०/०९/०८, जि.प्र.का. : भक्तपुर
ठेगाना : भक्तपुर जिल्ला चपाचो नगर/गाउँ पञ्चायत वडा नं. २ ।
हाल : भक्तपुर जिल्ला म.थि.न.पा वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता : विक्रम अधिकारी**
बाबु : कुमार अधिकारी
बाजे : कान्छा अधिकारी
ना.प्र.नं. : २९-०१-७२-०३११२
जारी मिति : २०७२/०७/१५, जि.प्र.का. : भक्तपुर
ठेगाना : भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं ७ को परिवर्तित म.थि.न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानिकर्ता : विराज अधिकारी**
बाबु : कुमार अधिकारी
बाजे : कान्छा अधिकारी
ना.प्र.नं. : २९-०१-८०-००११३
जारी मिति : २०८०/०१/१३, जि.प्र.का. : भक्तपुर
ठेगाना : भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. ६ को परिवर्तित म.थि.न.पा. वडा नं. ७ ।

# बक्स अफिस समाचार

## 'मिस इन्टरकन्टिनेन्टल'मा नेपालको प्रतिनिधित्व डा. आयुष्नोभाले गर्ने



**काठमाडौं/मस–** इजिप्टमा आयोजना हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिस इन्टरकन्टिनेन्टल'मा नेपालको प्रतिनिधित्व डा. आयुष्नोभा ढुंगानाले गर्ने भएकी छन् । शर्म अल शेखमा नोभेम्बर २१ देखि आयोजना हुने प्रतियोगिताका लागि उनी केही दिनपछि इजिप्ट उड्नेछिन् ।

५५ देशले प्रतिनिधित्व गर्ने प्रतियोगिताको उनी नेपालको एक्लो प्रतिनिधि हुन् । प्रतियोगीताका लागि उनले राष्ट्रिय फूल लालिगुरासको गाउनमा शान्तिको प्रतीक परेवाको फ्युजन राखेर तयार पारिएको पहिरन लगाउनेछिन् ।

'मिस इन्टरकन्टिनेन्टल'मा नेपालको प्रतिनिधित्व गर्न पाउँदा निकै गर्व महसुस भएको ढुंगानले बताइन् । ताज नेपाल ल्याउने उद्देश्यसहित आफू प्रतियोगितामा सहभागी हुन लागेको उनको भनाइ छ ।

'प्रतियोगिताका लागि तयारी राम्रो गरेको छु', ढुंगानाले भनिन्, 'नेपालको नाम उचो गरेर फर्किन्छु ।' प्रतियोगितामा जितका लागि सबै नेपालीको शुभकामना र शुभेच्छाको अपेक्षा आफूले राखेको उनले सुनाइन् ।

प्रतियोगिताका लागि उनले एक भिडियो पनि बनाएकी छन् । जसमा नेपालको ऐतिहासिक धरोहर मठ मन्दिर, प्रकृतिक सम्पदा नदी, नेपाली परिवेश, कृषि र नेपाली पहिरनलगायतका कला संस्कृतिसमेत झल्काएकी छन् ।

'मिस इन्टरकन्टिनेन्टल नेपाल २०२४'को उपाधि विजेतासमेत रहेकी डा. ढुंगाना मोडल पनि हुन् । कलाकारिता र डाक्टर पेशा एकसाथ अगाडि बढाइरहेकी ढुंगानाले बंगलादेशबाट एमबीबीएस गरेकी छन् । संयुक्त राज्य अमेरिकाको हार्वर्ड मेडिकल स्कुलबाट जनेशरल साइकीयाट्रिक म्यानेजमेन्ट, साइको एजुकेशन, बाइप्लोर डिसअडर, डिप्रेसन पोष्ट ग्रेजुएशन क्रेडिट पाठ्यक्रममा उनले १०० प्रतिशत क्रेडिट पाएकी थिइन् । अहिले उनी हार्वर्ड स्कुलकै अटिजम पोस्ट ग्रेजुएशन क्रेडिट कोर्स गर्दैछन् ।

## दयाहाङ र रिश्माले सुरु गरे 'रिमै'को छायांकन

**काठमाडौं/मस–** फिल्म 'रिमै'को छायांकन मंगलबारदेखि सुरु भएको छ । गोरखाको सिरानचोकमा शुभमुहूर्त पूजा गर्दै छायांकन थालिएको निर्देशक खिलबहादुर गुरुङले जानकारी दिए । निर्देशक गुरुङका अनुसार अभिनेता दयाहाङ राई र रिश्मा गुरुङले मुहूर्त सट दिएका थिए । यी दुई कलाकार 'कबड्डी'को भाग १ र २ पछि पुनः एकसाथ देखिन लागेका हुन् ।



गोरखाको सिरानचोक, झार गाउँ, भंगेरी, लासे, गोर्खा बजार क्षेत्रमा छायांकन हुने फिल्ममा कविता आले मगर, माओत्से गुरुङ, पुष्कर गुरुङ, बुद्धि तामाङ, गौमाया गुरुङ, वीरवल घले, डिवी गुरुङ लगायतको पनि अभिनय रहनेछ । गोरखा सिरानचोक एण्ड लिगगिगकोट फिल्म्स प्रालिको प्रस्तुतिमा आरआर फिल्म्स र रोटेपिङ इन्टरटेनमेन्टले फिल्म निर्माण गर्न लागेका हुन् ।

फिल्ममा बुद्धि तामाङ, गौमाया गुरुङ, कविता आले मगर, माओत्से गुरुङ, पुस्कर गुरुङ, वीरबल घले, डिवी गुरुङ लगायतका कलाकारको अभिनय हुनेछ । 'रिमै'को निर्मातामा वीरवल घले, टिका गुरुङ र दुन बहादुर घले छन् भने सह-निर्माता बिनु गुरुङ, रोशन भट्टराई र राजेश घिमिरे हुन् ।

रोहित कट्टेल प्रस्तुतकर्ता र रत्न श्रेष्ठ कार्यकारी निर्मातामा छन् । रोहित-रत्न फिल्मका वितरक समेत हुन् । उपेन्द्र सुब्बाको लेखन रहेको फिल्मलाई शैलेन्द्र ध्वज कार्कीले छायांकन गर्नेछन् । यसमा मित्र डि गुरुङको सम्पादन रहनेछ ।


## वर्गीकृत डिस्प्ले

### मोटरसाईकल हराएको सूचना

मिति २०८१/०७/२४ गते अन्दाजी रातको ०१:३० बजेको समयमा ललितपुर जिल्ला गोदावरी न.पा.-१४, ठैब चोकको आफ्नै कोठा अघि पार्किङ गरिराखेको अवस्थामा कल्याणकारी कोषको नाममा दर्ता भएको बा.प्र. ०२-०४९ प–१९७९ नम्बरको रातो कालो रङको 150cc पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खवर गरिदिनुहोला ।

**च्यासिस नं.:** MD2A11CX7RPL51874
**इन्जीन नं.:** DHXPRL55237
**सम्पर्क :** ९८६०४०७९३६

### सुर्खेती कल्याण समाज, काठमाडौं वार्षिक साधारण सभाको सूचना

प्रकाशित मितिः २०८१/०८/०५

मिति २०८१ मंसिर २९ गते शनिबारको दिन यस समाजको वार्षिक साधारण सभा आफ्नै भवनमा हुने भएकोले यस समाजका सबै आजीवन तथा साधारण सदस्यहरुको उपस्थितिका लागि अनुरोध छ । थप जानकारीका लागि यस समाजको सूचना पाटीमा हेर्नुहुन अनुरोध छ ।

**साधारण सभा हुने स्थानः समाजको बहुउद्देश्यीय भवन, मिरमिरे टोल, काठमाडौं ।**
**समयः विहान ११:३० बजे**

### मोटरसाइकल हराएको सूचना

मिति २०८१/०७/१५ गते दिउँसो १४:३० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उप-महानगरपालिका वडा नं ४ प्रतिभानगर स्थित थापा निवास अगाडि पार्किङ्ग गरि रोखेको अवस्थामा रहेको बा.प्र ०२-०५० प ०३५४ नं कालो रातो रङ्गको पल्सर १५० सिसिको हराएको हुँदा पाउनु हुने महानुभावले निम्न नंम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नामः लोक बहादुर धलान**
**च्यासिस नंः** MD2A11CX5RPA54489
**इन्जिन नंः** DHXPRA08272
**सम्पर्क नंः** ९८४५८१८७१२



### कुवेतमा रोजगार

कम्पनी: AL WASL ALKUWAITIYA COMPANY FOR DELIVERY OF CONSUMER ORDERS शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०८/०२ चलानी नं.: ६०२२८२६८ LT. No.:313785

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver Light | 30 | 0 | स. काममा दक्ष | 135 | ५९,१११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

### युएईमा रोजगार

कम्पनी : DHCN CONSTRUCTION L.L.C शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/०५/०७ चलानी नं.: ६०२२४०२६ LT. No.: 309440 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter (Wall Painter) | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 30 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 3. | Plumber Assistant | 23 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 4. | Stone Mason/brick Mason/tyle Layer | 30 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्टयाम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**A.S. International Group Pvt. ltd.** Gov. Lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381. Email: asintldemand@gmail.com. Mobile: 9801082460, 9801082461,9801082462.

### युएईमा रोजगार

कम्पनी: NATIONAL CATERING COMPANY LIMITED- SOLE PROPRIETORSHIP LLC शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०९/१३ चलानी नं.: ६०२१२८३२ LT. No.: 297440 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 98 | 91 | स. काममा दक्ष | 800 | २९,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्टयाम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SHR SUPPORT HUMAN RESOURCES PVT. LTD.** License No: 661/063/064
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Sinamangal, Kathmandu, Nepal, Ph No: 4111126, Mobile No; 9802070434 , 9802070435 , 9802070424.

### यूएईमा रोजगार

कम्पनी: POWER RECRUITMENT LLC शहर: UAE
पूर्व स्वीकृत मिति : २०८१/०४/२७ चलानी नं. : ६०२२३५७२ LT. No.: 308761 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labourers | 200 | 0 | स. काममा दक्ष | 800 | २९,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय बुटवलमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्टयाम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Grand Pearl International Pvt.Ltd.** Govt. Lic. No. 1555/079/080
Basundhara 3, Kathmandu, Nepal Mob.: 9810092580, 9851043031, 9801597040, 9865112214
Email:grandpearl555@gmail.com Butwal Branch: 071530630, 9867893930, website:grandpearlintl.com

### कुबेतमा रोजगार

कम्पनी : WARBA CARPENTRY FACTORY शहर: Jahra,Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०२/२२ चलानी नं.: ६०२२०६७५ L.T. No.:305779 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter/ Helper/ Labor | 10 | 0 | स. काममा दक्ष | 120 | ५२,५४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्टयाम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

**R.B. OVERSEAS PVT. LTD.** श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६ ISO 9001:2015
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com

### साउदीमा रोजगार

कम्पनी : AL HERQEL EST. FOR CONTRACTING शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०६/१४ चलानी नं.: ६०२२८२६७ L.T. No.: 311553 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Demolition Labor | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Labor | 8 | 0 | | 1000 | ३५,८९० | | | | | | | |

कम्पनी : AL HERQEL EST. FOR CONTRACTING शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०४/२९ चलानी नं.: ६०२२३५४७ L.T. No.: 308821 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sand Blaster | 2 | 0 | स. काममा दक्ष | 1300 | ४६,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्टयाम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**MOTHERLAND OVERSEAS PVT. LTD.** श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, Fax: 436474
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com, Website:www.motherlandoverseas.com

### साउदीमा रोजगार

कम्पनी : ARABIAN MACHINERY & HEAVY EQUIPMENT CO. शहर: Al-Khobar
पूर्व स्वीकृत मिति: २०८१/०८/०४ चलानी नं.: ६०२२८२७६ L.T. No.: 313875

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 75 | 0 | स. काममा दक्ष | 1800 | ६४,६०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN MACHINERY & HEAVY EQUIPMENT CO. शहर: Al-Khobar
पूर्व स्वीकृत मिति: २०८१/०८/०४ चलानी नं.: ६०२२८२७७ L.T. No.: 313876

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 25 | 0 | स. काममा दक्ष | 1800 | ६४,६०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्टयाम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

**सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.** Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ०१-५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile: 9813737367 / 9851343472 / 9851343372

### साउदीमा रोजगार

कम्पनी: SULTAN MOHAMMED AL QAHTANI & SONS TRANSPORT COMPANY शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८१/०८/०२ चलानी नं.: ६०२२८२०१ L.T. No.: 313758

